# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## दलित संगठनहरूले गरे भेनेजुएलामाथिको अमेरिकी हस्तक्षेपको घोर निन्दा



❑ **टेक बहादुर विश्वकर्मा**

काठमाडौं । नेपालमा क्रियाशील विभिन्न क्रान्तिकारी दलित संगठनहरूले भेनेजुएलामाथि बाँकी ५ पेजमा

वर्ष १० अङ्क २७ पूर्णाङ्क ४५३ २०८२ पुस २८ गते सोमबार Monday 12 Jan; 2026  मूल्य रू. १० ।–

# केन्द्रीय संयुक्त संघर्ष समितिद्वारा निर्वाचन बहिस्कारसम्बन्धी संघर्षका कार्यक्रम घोषणा

## देशैभर मशाल जुलुस, पुस २९ मा उपत्यका बन्द, संयुक्त अपिल : 'अवस्था फेर्न व्यवस्था फेरौं !'

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ६ वटा कम्युनिस्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले पहिलो चरणको निर्वाचन बहिस्कारसम्बन्धी संघर्षका कार्यक्रम घोषणा गरेको छ । ६ वटा कम्युनिस्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवलाई संयोजक तोकेको छ । सीपी गजुरेलको संयोजकत्वमा गठित केन्द्रीय संयुक्त संघर्ष समितिमा रामसिंह श्रीस, शारदा महत, धर्मेन्द्र बास्तोला, दीपक चलाउने, रूपा बुढा, आहुति, राजेश्वरी सुवेदी, रूपा सुनार, महिन्द्र मल्ल, दिनेश बर्तौला, इन्दिरा अधिकारी, ऋषि कट्टेल, खेमनारायण ढुङ्गाना, शशी घिमिरे, समरजंग र समिर सिंह सदस्य रहनुभएको छ ।

केन्द्रीय संयुक्त संघर्ष समितिको नाममा संयोजक सीपी गजुरेलले जारी गरेको प्रेस वक्तव्यमा देशका ७७ जिल्लामा पनि जिल्ला संयुक्त संघर्ष समिति गठन गरी संघर्षको कार्यक्रम अघि बढाइने उल्लेख गरिएको छ भने फागुन २१ गते तोकिएको निर्वाचन बहिस्कारसम्बन्धी पहिलो चरणको संघर्षका कार्यक्रम घोषणा गरिएको छ ।

घोषित कार्यक्रम अनुसार पुस २५ संघर्षको कार्यक्रम घोषणा सभा, पुस २६ र २७ प्रचार प्रसार पर्चा वितरण, पुस २८ गते देशव्यापी मशाल जुलुश, पुस २९ गते उपत्यका बन्द लगायतका कार्यक्रम रहेका छन् ।

वक्तव्यमा माघ २ गते इटहरी, जनकपुर, सिमरा, चितवन, पोखरा, बुटवल, दाङ, नेपालगन्ज र धनगढीमा निर्वाचनको औचित्यहीनताबारे अन्तर्क्रिया गोष्ठी माघ ५ गते देशव्यापी विरोध प्रदर्शन गरिने कार्यक्रम तय गरिएको जनाइएको छ । र, त्यसपछि अर्को चरणको कार्यक्रम घोषणा गरिने जनाइएको छ ।

शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलन तथा संघर्ष घोषणा कार्यक्रममा केन्द्रीय संघर्ष समितिका संयोजक तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरव, समितिका सदस्य तथा नेकपा ९बहुमत०का महासचिव धर्मेन्द्र बास्तोला, समितिका अर्का सदस्य तथा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल आहुति, नेकपाका अध्यक्ष ऋषि कट्टेल र नेकपा (जनपक्ष)का नेता बसन्त बोगटीले घोषित संघर्षका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पार्टीपंक्तिलाई निर्देशन दिनुका साथै फागुन २१ को निर्वाचन देश र जनताको हितमा नरहेकोले बहिस्कार आन्दोलनलाई साथ दिन आम श्रमजीवी वर्ग र समुदायलाई हार्दिक अपिल समेत गर्नुभएको थियो ।


नेताहरूले मिडिया र पत्रकारहरूलाई पनि देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डा रक्षाको यो विषम परिस्थितिमा जिम्मेवार भएर कलम चलाउन र स्वाधीनताको पक्षमा उभिन आग्रह गर्नुभएको थियो । पत्रकार सम्मेलनको सञ्चालन केन्द्रीय संघर्ष समितिकी सदस्य राजेश्वरी सुवेदीले गर्नुभएको थियो । कार्यक्रममा ६ वटै पार्टीका नेता कार्यकर्ताहरूको समेत बाक्लो उपस्थिति रहेको थियो ।

***कार्यक्रमका लागि ६ वटै पार्टीको गरियो कार्यविभाजन***

केन्द्रीय संयुक्त संघर्ष समितिले संघर्षका कार्यक्रमहरू कार्यान्वयनका लागि संयोजन र अन्तरक्रियाका कार्यक्रमका लागि नेताहरूको कार्यविभाजन गरेको छ ।

प्राप्त जानकारी अनुसार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पाँचथर, भोजपुर, ओखलढुंगा, सर्लाही, बारा, सिन्धुली, दोलखा, रसुवा, नुवाकोट, धादिङ, लमजुङ, गोरखा, बागलुङ, गुल्मी, प्युठान, परासी, रूपन्देही, रोल्पा, रुकुम पूर्व, दाङ, सल्यान, दैलेख, कालीकोट, बाँके, कंचनपुर, डडेलधुरा, अछाम, भारत, जापानलगायतका जिल्ला र स्थानमा संयोजन गर्ने, नेकपा (बहुमत)ले ताप्लेजुङ, इलाम, सप्तरी, पर्सा, सिन्धुपाल्चोक, काभ्रे, काठमाण्डौ, कास्की, स्याङ्जा, कपिलवस्तु, रुकुम पश्चिम, सुर्खेत, जुम्ला, मुगु, बर्दिया, डोटी, बैतडी जिल्लामा संयोजनको भूमिका खेल्ने, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले सुनसरी, महोत्तरी, सिराहा, बाँकी ७ पेजमा

## नवलपरासीमा निर्वाचन बहिष्कारको लागि ६ पार्टीको संयुक्त संर्घष समिति




नवलपरासी । नवलपरासीमा संसदीय निर्वाचन बहिष्कारका लागि ६ दलले जिल्लास्तरीय संयुक्त संघर्ष समिति गठन गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । ती पार्टीहरूले फागुन २१ गते गर्ने भनिएको निर्वाचनलाई बिदेशी ईशारामा नयाँ दलाल उत्पादन गर्न साम्राज्यवादले प्रायोजन गरेको निर्वाचनको संज्ञा दिदै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन । शनिवार छ दलीय मोर्चामा आबद्ध तीनवटा पार्टीका जिल्ला नेतृत्वहरूले एक प्रेस बक्तब्य जारी गर्दै स्वाधीन संयुक्त जनसरकारको गठन र जनसंबिधानको निम्ति संर्घष संचालन गर्नका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका बैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयको संयोजकत्वमा बाँकी ७ पेजमा

# 'फागुन २१ को चुनाव कुनै पनि हालतमा हुन दिने छैनौं'

काठमाडौं । भेनेजुएलाको सार्वभौमिकतामाथि अमेरिकाले गरेको सैन्य आक्रमणका विरुद्ध भेनेजुएलाका जनता तथा साम्राज्यवादका विरुद्ध भइरहेको विश्वव्यापी आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दै आयोजित विरोध प्रदर्शनलाई सम्बोधन गर्दै सातवटा कम्युनिस्ट पार्टीका नेताहरूले सुशिला कार्की नेतृत्वको सरकारले गर्न लागेको चुनाव साम्राज्यवादी डिजाइनमा हुन लागेको भन्दै यो चुनाव कुनैपनि हालतमा हुन नदिने उद्घोष गरेका छन् ।




क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेलले भेनेजुएलामाथि अमेरिकाले थोपरेको अन्यायपूर्ण युद्ध भेनेजुएलाका जनताको न्यायपूर्ण युद्धबाट पराजित हुने दावी गर्दै नेपालमा पनि अमेरिकाले आफ्नो भूमिका घनिभूत रूपमा बढाइरहेकोले नेपाली जनतालाई त्यसप्रति सचेत रहन आग्रह गर्नुभयो । उहाँले एमसीसी सम्झौतापछि अमेरिका नेपालमा एसपीपी सम्झौता गराउन लागिपरिरहेको भन्दै एसपीपी सम्झौतापछि नेपालमा अमेरिकी सेना आउने दावी गर्नुभयो । सुशिला कार्की नेतृत्वको सरकारले अमेरिकाको त्यही मिसन पूरा गर्ने डिजाइन अनुसार चुनाव गर्न लागेको दावी गर्दै यो चुनाव कुनै पनि हालतमा हुन नदिने उद्घोष गर्नुभयो ।

उहाँले भन्नुभयो, "यो सामान्य चुनाव होइन । जनतामा नांगी सकेको व्यवस्थालाई बैधानिकता दिने कि नदिने भन्ने चुनाव हो । भेनेजुएलाकै जस्तो खतरा हाम्रै आँगनमा ल्याउने डिजान छ यसमा । बेलैमा सचेत भइएन भने पछि पछुताएर केही पनि हुने छैन ।"

उहाँले भेनेजुएलामाथिको अमेरिकी सैन्य आक्रमण र राष्ट्रपति मदुरो दम्पत्तिको अपहरणको घोर भर्त्सना गर्दै राष्ट्रपति मदुरो दम्पत्तिको अविलम्ब सकुशल रिहाइको माग गर्नुभयो ।

त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोलाले अमेरिकी साम्राज्यवादले संसारभर आतंक मच्चाइरहेको चर्चा गर्दै डानाल्ड ट्रम्प संसारका खुंखार एक नम्बर फासिवादी भएकोले उनलाई शान्ति पुरस्कार होइन, हिटलर पुरस्कार दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । अमेरिकाले तेल, सुन लगायतका स्रोत कब्जा गर्नका लागि भेनेजुएलामाथि सैन्य आक्रमण गरिएको भन्दै उहाँले भेनेजुएलालगायत संसारभरका उत्पीडित राष्ट्रहरूको स्वाधीनताको पक्षमा आवाज उठाउन र ऐक्यबद्धता जाहेर गर्न विरोध प्रदर्शन गरिएको पनि बताउनु भयो । उहाँले साम्राज्यवादीहरूका दलालहरू बाँकी ७ पेजमा

## राष्ट्रपति मदुरो दम्पत्ति अपरहणका विरूद्ध सात कम्युनिस्ट पार्टीको विरोध प्रदर्शन




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ७ वटा कम्युनिस्ट पार्टीको संयुक्त आयोजनामा भेनेजुएलामाथि अमेरिकाले गरेको सैन्य आक्रमण र राष्ट्रपति मदुरो दम्पत्तिको अपहरणका विरुद्ध विरोध प्रदर्शन गरिएको छ ।

माइतीघर मण्डलामा गरिएको विरोध प्रदर्शनलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरव, नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोला, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल आहुति, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदी, नेकपा (जनपक्ष)का नेता बसन्त बोगटी लगायतले अमेरिकी साम्राज्यवादले भेनेजुएलाको स्वाधीनता र बाँकी ७ पेजमा

## भेनेजुएलामाथि गरिएको अमेरिकी सैन्य आक्रमण, राष्ट्रपति मदुरो दम्पत्ति अपरहणका विरूद्ध सात कम्युनिस्ट पार्टीको विरोध प्रदर्शन




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ७ वटा कम्युनिस्ट पार्टीको संयुक्त आयोजनामा भेनेजुएलामाथि अमेरिकाले गरेको सैन्य आक्रमण र राष्ट्रपति बाँकी ७ पेजमा

# त्यही संसद र संविधान राख्ने भए यत्रो विध्वंश किन मच्चाउनु पर्थ्यो : मोहन वैद्य किरण

*'सेनालाई कसले चलायो ? सिंहदरबार, संसदभवन, सर्वोच्च अदालत बचाउन छोडेर सेना किन नेताहरूको गिरफ्तारीमा लाग्यो ? जेनजी परिघटनापछि राष्ट्रिय स्वाधीनतामाथि ठूलो खतरा पैदा भएको छ, देशको राष्ट्रिय स्वाधीनताको पक्षमा उभिन्छन् भने जोसुकै उभियोस् न, एकताबद्ध भएर जानुपर्दछ, नयाँ ढंगले राष्ट्रिय स्वाधीनताको लडाइँ लड्न जरुरी छ'*

(नेपालको कम्युनिस्ट आन्दोलनमा ६ दशकभन्दा बढी समयदेखि मार्क्सवादी विचार, दर्शन, राजनीति, संगठन, संघर्षलगायत समग्र क्षेत्रबाट महत्वपूर्ण योगदान गर्दै आउनु भएका र तीसको दशकदेखि क्रान्तिकारी धारको नेतृत्व गर्दै आउनुभएका एक अविचल आदर्श शीखर व्यक्तित्व तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका निवर्तमान महासचिव मोहन वैद्य किरण अहिले स्वास्थ्य समस्याका कारण घरमै आराम गरिरहनु भएको छ । मार्क्सवादी दार्शनिक, सौन्दर्य चिन्तक, विचारक तथा दशवर्षे महान जनयुद्धका पहलकर्ता र नेपालको बाँकी ३ पेजमा



## सम्पादकीय

### खाँचो व्यक्ति होइन, व्यवस्था परिवर्तनको !

नेपालको अहिलेको राजनीतिको केन्द्रमा व्यक्ति खराब भए अमूक व्यक्तिको ठाउँमा अर्को अमूक व्यक्तिलाई स्थापित गरेपछि मुलुकमा विद्यमान सबै यावत समस्या जादुमय रूपमा हल हुन्छन् भन्ने भाष्य सुनियोजित रूपमा स्थापित गरिएको छ। राजनीतिमा सामान्य ज्ञान राख्नेहरूदेखि आफूलाई विज्ञ दावी गर्नेहरूले पनि यही भाष्य निर्माणमा भूमिका खेलिरहेका छन्। व्यक्ति परिवर्तनको राजनीतिले नेपालमा अहिले 'व्यक्तिवाद' र 'पुँजीवादी लोकप्रियतावाद'लाई हावी गराएको छ। बहस प्रणालीमा भन्दा व्यक्तिमा केन्द्रित गरिएको छ। जुन आम जनतालाई सत्य, तथ्य र यथार्थबाट ध्यान अर्कोतिर मोडेर मुठ्ठिभर अभिजतावर्गीय व्यक्तिहरूले सत्ता र व्यवस्थामा हाली मुहाली गरिराख्ने खेल हो। वास्तवमा समस्या व्यक्तिमा होइन प्रणालीमा छ, संसदीय व्यवस्थामा छ। विगत ३५ वर्षदेखिको संसदीय व्यवस्थाको अभ्यासले पटक पटक स्थापित भइसकेको छ कि व्यक्तिमा होइन, व्यवस्थामा समस्या छ। दशवर्षको जनयुद्ध यही व्यवस्था परिवर्तनका लागि भएको थियो तर यो पनि घुमाइफिराइ व्यक्ति परिवर्तनमै सिमित हुन पुग्यो। जनयुद्धको जनादेश अनुसार पुरानो सत्ता र व्यवस्था बदलिएन। व्यवस्थाका अवयवको रूपमा रहेको सेना, कर्मचारी प्रशासन, न्यायालय र समग्र उत्पादन प्रणाली, अर्थतन्त्रमा कुनै बदलाव आएन। परिणामतः राष्ट्रघात र जनघातका श्रृंखलाहरूमा बढोत्तरी हुँदै गयो। शासनसत्ताको नेतृत्व फेरिदैमा सत्ता र व्यवस्था जनमुखी हुन सक्दैन भन्ने कुरा दिनको घामझै छर्लङ्ग भइसकेको छ। यसलाई चरितार्थ हुने गरी नेपाली समाजमा एउटा उखानै स्थापित भएको छ कि 'जुन जोगी आएपनि कानै चिरेको'।

भदौ २३ र २४ मा भएको जेनजी विद्रोह संसदीय व्यवस्था र संसदवादी दलहरूको असफलताको परिणाम थियो। यो असफलताका कारण स्वतःस्फूर्त जनता सडकमा आउने परिस्थिति बन्यो। जेनजी विद्रोहको मूल जनादेश भनेको सत्ता, संविधान र व्यवस्था परिवर्तन हो तर साम्राज्यवादी, विस्तारवादी र तिनका घरेलु दलालहरूले यो विद्रोहलाई व्यवस्था परिवर्तनतर्फ जान नदिन हाइज्याक गरे र संसदीय व्यवस्थालाई नै फेरि पनि कायम राख्ने खेलहरू भए। त्यही संसद र संविधान यथावत राख्ने भए किन यत्रो विध्वंश मच्चाउनु पर्दथ्यो। केपी ओलीको सरकार ढाल्नका लागि मात्र जेनजी विद्रोहको डिजाइन गरिएको थियो भन्ने कुरा स्थापित भएको छ। फेरि पनि एक थान चुनावको नौटंकी गरेर यथास्थितिलाई कायम राख्ने र अग्रगामी परिवर्तनलाई रोक्ने अनेकन षड्यन्त्र भइरहेका छन्। समाज विज्ञानको इतिहासले पुष्टि गरेको छ कि कुनै पनि समाजलाई यथास्थितिमा अल्झाउन, रोक्न सकिन्न। समाज गतिशील हुन्छ र परिवर्तन अपरिहार्य बन्दछ। नेपालमा अग्रगामी र जनपक्षीय राजनीतिक प्रणालीको आवश्यकता ऐतिहासिक रूपमा टड्कारो बनेको छ। यो परिवर्तनका निम्ति यो देशका सच्चा कम्युनिस्ट क्रान्तिकारी र देशभक्तहरूले यसको लागि पहलकदमी गरिरहेका पनि छन्। व्यवस्था नफेरी जनताको अवस्था फेरिन्न भन्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ६ वटा क्रान्तिकारी कम्युनिस्टहरूले फागुन २१ को देशघाती र जनघाती कथित निर्वाचनको बहिस्कार गर्दै देशमा स्वाधीन संयुक्त जनसरकार र जनसंविधानको निर्माणको लक्ष्य राखेर संघर्षमा होमिएका छन्। अब देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा यही क्रान्तिकारी देशभक्त राजनीतिक शक्तिबाट मात्रै सम्भव देखिन्छ। तसर्थ, वर्तमान दलाल संसदीय व्यवस्थामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको अन्त्य गरी नयाँ जनवादी व्यवस्थामा आधारित संघीय जनगणतन्त्र र जनसंविधान स्थापनार्थ सम्पूर्ण देशभक्त जेनजी युवाहरू पनि लागिपर्न जरुरी छ। समस्या एकातिर समाधान अर्कोतिर खोज्नु मुर्खता हो। समस्या जहाँ हो समाधान पनि त्यही खोज्न र हुन जरुरी छ। तसर्थ, 'अवस्था फेर्न व्यवस्था फेरौ' भन्ने मूल नारामा विश्वभर छरिएर रहेका सबै देशभक्त र क्रान्तिकारी युवाहरू, स्वाभिमानी नेपालीहरू एकताबद्ध भएर यो जनसंघर्षलाई राष्ट्रिय प्रतिरोध संघर्षमा उठाउँदै लक्षित गन्तव्य हासिल गर्न अविचल रूपमा अगाडि बढ्न जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# नेपालीको वर्तमान अवस्था र ब्यवस्था बदल्ने कुरा



● डा. केशव देवकोटा ●

नेपालको राष्ट्रिय राजनीति पछिल्लो समयमा झन, झन संकटग्रस्त बन्दैगएको छ। हाल आएर कतिपयले देशकै अस्थित्वप्रति चिन्ता र चासो ब्यक्तगर्न थालेका छन्। देश संकटमा परेको कुरामा प्रायः सबै राजनीतिक पार्टीहरू सहमत छन्। तर उक्त संकटको समाधान कसरी गर्ने/गराउने भन्नेबारेमा कसैको पनि खासै ध्यान गएको देखिएको छैन। यस्तो अवस्थामा हालैमात्र क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका छवटा कम्युनिष्ट पार्टीहरूले नेपालीको अवस्था बदल्न ब्यवस्था बदल्ने अभियान सञ्चालनगर्न लागेको कुरा बाहिर आएको छ। खासमा गत भदौ २३ र २४ गते भएको रहस्यमय बिध्वंश र भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले चालेको कदमका कारण ०७२ को संविधान एकाएक कोमामा पुगेको छभने सो संविधानअनुसार नेपालमा लागूगराइएको राजनीतिक ब्यवस्था पनि परिवर्तनको संघारमा पुगेको छ। यस्तो अवस्थामा संविधान र राजनीतिक ब्यवस्थामा टालटुल गरेर चलाउनेकि आमूल परिवर्तन गर्ने/गराउने भन्ने बिषयमा गंभिर ढंगले बहसहरू हुनथालेका छन्। बिभिन्न छवटा कम्युनिष्ट पार्टीले नेपालीको अवस्था बदलनका लागि बिद्यमान राजनीतिक ब्यवस्था नै बदल्नुपर्ने जुन ठम्याइ राखेका छन्, त्यो धेरै महत्वपूर्ण कुरा हो। जसकाबारेमा बिभिन्न क्षेत्र र पक्षहरूलाई समेटेर देशब्यापि बहस चलाउनु आजको प्रमुख आवश्यकता भएको छ। नेपाली समाजको अवस्था बदल्नका लागि बिभिन्न कदमहरू आवश्यक छन्। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकलगायतका क्षेत्रहरूमा एकसाथ सुधार हुनुपर्ने टड्कारो आवश्यकता रहेको छ। नेपालको राजनीति पछिल्ला दशकहरूमा अस्थिर र जटिल रहेको छ। त्यो जटिलताका पछाडि पहिलो कारण विदेशी हस्तक्षेप रहेको छभने दोश्रो कारण यहाँका कतिपय संसदवादी दलहरूको बिचौलिया प्रबृत्ति हो। संविधान सभाबाट ०७२ को संविधान घोषणा गरिएपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनेको जुन भन्ने गरिएको छ, खासमा त्यो भनाईनै गलत छ। किनकी पहिलो कुरा त नेपालमा स्वतन्त्र र निष्पक्षरूपमा संविधानसभाको निर्वाचननै हुनपाएको छैन। दोश्रो कुरा संविधानसभाले बनाएको भनिएको संविधाननै त्रुटीपूर्ण रहेको छ।

०६३ को परिवर्तनपछि नेपालमा संविधानसभाको निर्वाचनमार्फत संविधान निर्माण गर्ने/गराउने भनियो। तर संविधानसभालाई बिभिन्न पूर्ब शर्तहरूको भारी बोकाएर स्वतन्त्र र निष्पक्षरूपमा कामगर्न नै दिइएन। त्यतिबेला संविधानसभालाई भारी बोकाइएका पूर्ब शर्तहरू अमेरिकालगायतका पश्चिमा राष्ट्रबाट प्रायोजित रहेको हाल सबैका सामु दिनको घाम जतिकै स्पष्ट भैसकेको छ। आकर्षक नारा दिएर प्रतिगामी कदम चाल्ने बिश्व साम्राज्यवादको चरित्र नै हो। प्रगतिशील संघीयता, समाबेशी, समानुपातिक र सही धर्म निरपेक्षको नारा दिएर नेपाललाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा अस्तब्यस्त बनाउने खालको नाममात्रको पश्चगामी संघीयता, जातीय समाबेशी, समानुपातिकको आबरणमा जहानियाँ शासन कायम गराउने प्रयास र धर्मनिरपेक्षताको आबरणमा यहाँ भैरहेका धर्मलाई निरुत्साहन र आयातित धर्मलाई प्रोत्साहन गर्ने/गराउने कार्यहरू भए। जसका कारण देश हालकोजस्तो अस्तब्यस्त र सम्हालिनसक्नुको अवस्थामा पुगेको हो। ०७२ को संविधान जारी गराउनेहरू आफैले संविधान त्रुटीपूर्ण रहेको सार्बजनिकरूपमै बताएका थिए। त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टीले ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याहरूको जड भएको ठहर गरेको छ। देशमा बिद्यमान राजनीतिक ब्यवस्थाको असफलतालाई ढाकछोपगर्न खोज्दा पटक, पटक सरकारहरू ढलेका उदाहारणहरू पनि रहेका छन्। गत भदौ २७ को राष्ट्रपतिको घोषणाले राजनीतिक ब्यवस्थानै ढलेको छ। त्यसरी ढलिसकेको राजनीतिक ब्यवस्थालाई कायमै रहेको देखाउन बिभिन्न भनाईमार्फत ढाकछोप गर्न/गराउन खोज्दा देशकै अस्थित्वमाथि प्रश्न उठेको छ। ०६३ यताका बिभिन्न घटनाक्रमहरूले उपरोक्त कुराको पुष्टि पनि गरेका छन्।

बिभिन्न राजनीतिक दलहरूका बीचमा शक्ति संघर्ष र असहमति देखिन थालेको छ। उनीहरू बीचको प्रतिस्पर्धा र असहमतिका कारण हरेक पटक सरकार गठनमा कलहको अवस्था देखिने गरेको छ। प्रमुख दलहरू नेपाली काँग्रेस र एमालेलगायतका बीचमा सत्ता गठबन्धन र बिवाद दुबै हुँदैआएको छ। स्थानीय तहदेखि केन्द्र सरकारसम्म बिभिन्न तहमा सत्ता परिवर्तन भइरहेका छन्। नेपालको आर्थिक अवस्था विकासशील रहेको छ र केही प्रमुख चुनौतीहरूको सामना गरिरहेको छ। सरकारी योजनाहरूको कार्यान्वयन र प्रशासनिक समस्याले विकासलाई गति दिन सकिरहेको छैन। नेपालको अर्थतन्त्र मुख्यतः कृषि, निर्माण, र पर्यटन क्षेत्रमा निर्भर रहेको छ। विशेषगरी पर्वतारोहण र धार्मिक पर्यटन, नेपालको प्रमुख आर्थिक श्रोत बनेका छन्। गत कोरोना महामारीपछि पर्यटन क्षेत्रमासमेत ठूलो गिरावट आएको छ। जसले नेपालको अर्थतन्त्रलाई ठूलो धक्का पुऱ्याएको अवस्था छ। झण्डै ८० लाख नेपाली रोजगारी र पढाईलगायतका लागि बिश्वका बिभिन्न मुलुकमा भौतारिएका छन्। जसबाट विदेशी मुद्रा प्राप्त भए पनि त्यसको सही सदुपयोग हुन सकिरहेको छैन। नेपालमा सामाजिक दृष्टिकोणले बिविधता र बहुलता रहेको छ। यहाँको समाज बिभिन्न जाति, धर्म, र सांस्कृतिक पृष्ठभूमिहरूसँग मिश्रित छ। शिक्षा क्षेत्रमा पनि विदेशी हस्तक्षेप बढेको देखिएको छ। आर्थिक सहयोग जुटाउने नाममा विदेशी पाठ्यक्रमसमेत भित्र्याउने कामहरू भैरहेका छन्। जसलेगर्दा सार्वजनिक शिक्षा प्रणालीमा प्रगति देखिएको छैन। त्यसैगरी धेरै स्थानमा आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच नहुनु प्रमुख समस्या भएको छ। ग्रामीण र पहाडी क्षेत्रहरूमा स्वास्थ्य सेवा उपलब्धता अझै न्युन रहेको छ। नेपाल प्राकृतिक विपत्तिहरूको शिकार भएको देश हो। जसका कारण आर्थिक र सामाजिक विकासमा चुनौतीहरू थपिएका छन्। भूकम्प, बाढी, र पहिरोजस्ता प्राकृतिक विपत्तिहरू प्रायः भइरहन्छन्। पछिल्ला बर्षहरूमा नेपालमा जलवायु परिवर्तनका असरहरूमा संवेदनशील रहेका छन्। जसले कृषिमा असर पुऱ्याएको छ।

हिमालय क्षेत्रको हिउँहरू बेसमयमै पग्लन थालेका छन् भने पानीका श्रोतहरूमा संकट देखापरेको छ। समग्रमा हेर्दा नेपालमा राजनीतिक अस्थिरता र भ्रष्टाचारका कारण धेरै समस्याहरू उत्पन्न भएका छन्। संविधानको पालना र सुधारः संविधानमा रहेका अधिकारहरूको सम्मान र कार्यान्वयन हुन सकिरहेको छैन। ०७२ को संविधान घोषणा भएको १० बर्ष ब्यतितहुँदा पनि त्यसको पूर्णत कार्यान्वयन हुन नसक्नु उपरोक्त कुराहरूको ताजा उदाहारण हो। नेपालको राजनीतिक व्यवस्था निरन्तर अस्थिर रहनु मुख्य समस्या हो। नेपालका सरकारहरू बीचमा बारम्बार किन परिवर्तन हुन्छन्भन्ने कुरा आफैमा ब्याख्या र बिश्लेषणलायक बिषय रहेको छ। जसले विकासको प्रक्रिया र जनताको सेवालाई निरन्तरता दिन सकिरहेको छैन। यस्ता परिवर्तनहरू सत्ता र शक्तिमा पुगेका पार्टीहरूको आन्तरिक मतभेद, गठबन्धन सरकारहरूमा देखिएका असमझ्दारी, र पारस्परिक सहमतीय वातावरणको अभाव लगायतले गर्ने/गराउने गरेका छन्। जसले देशको समग्र प्रशासनिक कार्यक्षमता र विकास प्रक्रियामा अवरोध पुऱ्याएको छ। नेपालमा ०६३ को परिवर्तनपछि प्रायः गठबन्धनका माध्यमबाट सरकार बनाउने प्रचलन बढेको छ। जसमा बिभिन्न किसिमका राजनीतिक दलहरू सामेल हुन्छन्। उनीहरूका बिचार र प्राथमिकतामा फरकपना रहनेहुँदा सरकारको कार्यसम्पादनमा सधै समस्या आउने गरेको छ। जसले हरेक सरकारको स्थिरता र नीति निर्माणमा कठीनाइहरू उत्पन्न गराउने गर्दछ। जसका कारण दीर्घकालीन र प्रभावकारी निर्णय लिने प्रक्रियामा बाधा पुग्नेगरेको हुन्छ।

०७२ को संविधानमा रहेका बिवादास्पद प्रावधानहरूका कारण बिभिन्न जातीय, धार्मिक र सामाजिक समूहबीच असहमतिको अवस्था उत्पन्न हुनेगरेको छ। यसले राष्ट्रिय एकता र समृद्धिमा असर पुऱ्याएको छ। सत्ता र शक्तिमा पुगेका राजनीतिक दलहरूमा बढेको भ्रष्टाचार र आर्थिक अनियमितता तथा कमजोर नेतृत्वका कारण सधै नयाँ, नयाँ समस्याहरूको सिर्जना हुनेगरेको छ। जसका कारण सरकारप्रति जनताको विश्वास घट्नेको गरेको छ। राजनीतिमा आन्तरिक संघर्ष र शक्ति प्राप्तिको लागि सत्तासंघर्ष निरन्तर हुनेगरेको छ। जसले जनताको आवश्यकता र चाहनालाई उपेक्षा गरेको देखिन्छ। नागरिक समाजका बिभिन्न संस्थाहरूमासमेत राजनीतिक दलहरूको प्रभावपर्ने गरेकाले पारदर्शिता घटाएको अवस्था छ। यसबाट लोकतान्त्रिक प्रक्रियामा नकारात्मक प्रभाव परेको छ। यसरी देशको राजनीतिक ब्यवस्थामा रहेको त्रुटीका कारण हर क्षेत्रलाई असफल बनाउँदै लगेको छ र देशनै असफल हुनसक्ने संकेतहरू देखिनथालेका छन्। यस्तो अवस्थामा बिद्यमान राजनीतिक ब्यवस्थामा आमूल परिवर्तन गरेर स्वावलम्बि र पारदर्शी ब्यवस्थाको स्थापना गराउनु आजको आवश्यकता भएको छ। जसका लागि आन्दोलनकासाथै सर्बदलीय र सर्बपक्षीय छलफलको आवश्यकता देखिएको छ। देशभक्त र जनपक्षीय राजनीतिक शक्तिहरूले उपरोक्त कुराको संयोजन गर्न/गराउन सक्नु पर्दछ।

# क्रान्तिकारी युवा संघ नेपालद्वारा निर्वाचन बहिस्कार गर्ने घोषणा




काठमाडौं। क्रान्तिकारी क्युनिस्ट पार्टीसहिति ६ दलले गर्ने संयुक्त निर्वाचन बहिस्कारमा क्रान्तिकारी युवा सङ्घ नेपालले सशक्त सहभागिता हुने जनाएको छ। आइतबार राजधानीको संवाद डबलीमा संगठनले पत्रकार सम्मेलन गरी नेपाल सरकारसमक्ष पेस गरेको ४३ बुँदे माग पत्र सार्वजनिकसमेत गरेको हो।

संघका संयोजक सूर्य तिमल्सिनाले जेनजी विद्रोहले दिएका म्याण्डेटलाई वेवास्ता गरी गरिने निर्वाचनलाई आफूहरूले सशक्त वहिस्कार गर्ने चेतावनी दिए। तिमल्सिनाले हाल पुष २५ गते युवा तथा खेलकुद मन्त्री बब्लु गप्ता मार्फत नेपाल सरकारलाई राष्ट्रियता, जनतन्त्र र जनजिवीकाको विषयमा ४३ बुँदे माग पत्र पेस गरेको बताए। "पछिल्लो समयमा देशको राष्ट्रिय स्वाधीनता तथा जनताको स्वतन्त्रता कुण्ठित हुन लागेको छ त्यसको निकासका लागि हामीले नेपाल सरकारलाई ध्यानाकर्षण गराएका छौं, सरकारले हाम्र माग सम्बोधन नगरे निकट भविष्यमा कडा संघर्ष गर्नेछौं" तिमल्सिनाले भने।

१३ दिन हिरासत बसेर भरखरै रिहा भएका संघका सचिवालय सदस्य शंकर शाहीले आफूलाई विनाकारण राज्यले पक्राउ गरेको भन्दै रोश व्यक्त गरे। शाहीले प्रहरी प्रशासन र म्यानपावर व्यवसायी संघको मिलेमतो रहेको आशंका गर्दै भने,"मानव तस्कर, देशद्रोहीहरूको उक्साहटमा प्रहरी प्रशासनले मलाई अनावश्यक दुःख दियो, यसको भविष्यमा उनीहरूले ठूलो मूल्य चुकाउनुपर्नेछ।" "मलाई सम्मानित सर्वोच्च अदालतले न्याय दिएकोमा कानुन व्यवसायी र अदालतप्रति आभार व्यक्त गर्दछु"शाहीले भने।

संघका सहसंयोजक दोर्ची शेर्पाले संगठनको ४३ बुँदे मागपत्र पढी सार्वजनिक गरेका थिए।संघका युवा नेता सोम नगरकोटीले सञ्चालन गरेको कार्यक्रममा क्रान्तिकारी खेलकुद महासंघका केन्द्रीय संयोजक सूर्य भूजेल र क्रान्तिकारी उद्योग तथा वाणिज्य संघका केन्द्रीय संयोजक शिब धिमालको पनि उपस्थिति रहेको थियो।

# त्यही संसद र संविधान राख्ने भए यत्रो विध्वंश किन मच्चाउनु पर्थ्यो : मोहन वैद्य किरण

क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका वैचारिक अभिभावकको रूपमा भूमिका निर्वाह गरिरहनुभएका कमरेड किरणसँग जेनजी विद्रोहपछि उत्पन्न राजनीतिक परिस्थिति वरिपरि केन्द्रित रहेर संक्षिप्त रूपमा गरिएको महत्वपूर्ण कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)

***कमरेड, अहिले हजुरको स्वास्थ्य अवस्था कस्तो छ ?***

सामान्यतः ठिकै छ । केही सुधार भएको जस्तै छ ।

***कमरेडको आजकल दिनचर्या कसरी बितिरहेको छ ?***

विहान सामान्य शारीरिक व्यायाम गरिन्छ करिब १०-११ बजेसम्म । दिउसोको समयमा केही बेर सुस्ताउने, कहिलेकाहीँ लेख्ने र पढ्ने गरेको छु । बेलुकीपख पनि सामान्यतः व्यायाम गर्छु । यहीनै छ ।

***भदौं २३-२४ को जेनजी विद्रोहपछि देशमा एउटा नयाँ राजनीतिक परिस्थिति उत्पन्न भएको छ । जेनजी विद्रोह र त्यसपछि विकसित राजनीतिक घटनाक्रमलाई चाहिँ यहाँले कसरी हेरिरहनु भएको छ ?***

यो प्रश्न आजको सैद्धान्तिक, राजनीतिक दृष्टिले हेर्नुपर्दा निकै महत्वपूर्ण प्रश्न हो । भदौं २३ र २४ को जेनजी परिघटनालाई लिएर धेरै अन्यौलता पैदा भइरहेको छ । संसदवादी शक्तिहरू असफल भइरहेका थिए । आखिरमा ओली सरकार पनि ढल्यो । त्यो महत्वपूर्ण विषय होइन । अहिलेको घटनाक्रम हेर्दा महत्वपूर्ण पक्ष भनेको देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको स्थिति हो । यो निकै नै गम्भिर देखिएको छ ।

***यहाँले भन्न खोज्नुभएको यो जेनजी परिघटनामा भूराजनीतिक स्वार्थले प्रमुख रूपमा भूमिका खेल्यो भन्ने हो ?***

सिंहदरवार, संसदभवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलाउँदा यहाँको सुरक्षा फोर्सले के हेरेर बसेको थियो ? यहाँको सेनाले के हेरेको थियो ? स्थिति कस्तो बन्यो भने निर्वाचित प्रधानमन्त्री, राष्ट्रपतिलाई, संसदवादी र प्रतिपक्ष दलका नेताहरूलाई सेनाले गिरफ्तार गर्छ, भन्नलाई सुरक्षाका निम्ति सुरक्षित स्थानमा राखिएको भनिन्छ । तर त्यो गिरफ्तारी नै हो ।

संसदवादी दलहरूले संसद सबभन्दा ठूलो हो । देशको सार्वभौमिकतालाई संविधानमा महत्व दिएर राखेका छौं भनेर भन्दै आएका थिए । त्यो कहाँ गयो ? देश कसको हातमा छ ? प्रधानमन्त्रीको हातमा त रहेन । राष्ट्रपतिको हातमा पनि रहेन । सामान्यतः हेर्दाखेरि अब सेनाको हातमा गयो देश । सेनालाई कसले चलाउँछ ? संविधानले, राष्ट्रपतिले अर्थात् संसदीय दलको नेता प्रधानमन्त्रीले ? सेनालाई यिनले चलाउने हो कि अरु कसैले चलाउने हो ? आखिरमा प्रश्न सेनातिर जान्छ ।

यो समग्र घटना प्रक्रियामा संसदीय व्यवस्थाको असफलता त छँदै थियो, संसदीय दलका नेताहरूको असफलता पनि छँदै थियो । के बुझ्न जरुरी छ भने जेनजी परिघटनापछि राष्ट्रिय स्वाधीनतामाथि ठूलो खतरा पैदा भएको छ ।

***यहाँले सेनाको भूमिकामाथि गम्भीर प्रश्न उठाउनु भयो । सेनाले त राज्य शून्यतामा पुगेकोले समन्वय मात्रै गरिदिएको हो । देश राजनीतिक पार्टीले यही संविधान अनुसार चलाउने हो । चुनावबाट आएका राजनीतिक पार्टीहरूले देशको नेतृत्व गर्ने अभिव्यक्ति त दिइरहेको छ नि ?***

भन्नलाई त्यसो भनिएको होला, तर त्यसो किन गर्नुपऱ्यो ? यत्रो उद्यम र विध्वंश किन मच्चाउनु पऱ्यो ? त्यसको परिणाम के हो ? संसद विघटन गरेर, संसदको ठाउँमा त्यही संसद आउने, ल्याउने ? यसको त कुनै अर्थ भएन नि त ? ओलीलाई मात्रै हटाउनु थियो भने यत्रो विध्वंश किन मच्चाउनु पर्थ्यो ? अर्कोकुरा सार्वभौमसत्ता कसको हातमा छ ? भन्ने गम्भीर प्रश्न खडा भयो । जवाफ दिनुपर्छ सबैले, सेनाले पनि दिनुपर्छ- कसले चलायो सेनालाई ? सिंहदरबार सुरक्षा गर्न बसेको सेनाले किन सिंहदरबारको सुरक्षा गर्न सकेन ? त्यत्रो २४ गतेको परिघटनामा सेना कहाँ गएको थियो ? उ त मन्त्रिहरू, प्रधानमन्त्री र अन्य संसदवादी दलका नेताहरूलाई गिरफ्तार गर्नेमा व्यस्त देखियो । मिठो शब्दमा सुरक्षाका लागि सुरक्षित स्थानमा राखिएको भनियो तर त्यो योजनाबद्ध गिरफ्तारी थियो ।

सेनाको प्रश्न जेनजीसँग पनि जोडिन्छ । जेनजीहरूले सुशासन, भ्रष्टाचारको विरोध, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाएर आन्दोलन सुरु गरेका थिए, त्यो स्वभाविक नै थियो । त्यो आन्दोलनमाथि गोली हानियो, युवा विध्यार्थीहरूको हत्या गरियो, त्यो एकदम गलत भएको थियो । तर भदौ २४ को घटना जेनजीको हातमा रह्यो कि रहेन ? यत्रो घटनामा सेनाको भूमिका के हो ? प्रश्न त उठ्यो नि । सेनालाई कसले चलायो ? यो प्रश्नको जवाफ चाहिन्छ । प्रत्यक्ष रूपमा नदेखिएपनि यसलाई बाह्य चलखेल हो भनेका छन् । मुख फोरेर भनेका छैनन् तर सेनालाई बाह्य शक्तिले चलायो भन्ने गम्भीर आशंका छ । साम्राज्यवादी विस्तारवादी शक्तिहरूले नै यो परिघटना घटाएका हुन् भन्ने देखिन्छ ।

***भनेपछि जेनजी परिघटना एउटा प्रायोजित थियो । नियोजित रूपमा यो घटना घटाइयो भन्ने हो यहाँको विश्लेषण ?***

-सुरु स्वतःस्फूर्त रूपमा भयो । तर जेनजी आन्दोलनको नेता को हो भन्दा त कोही पनि छैनन् । नेता र संगठन विना २४ गते कसरी देशव्यापी रूपमा बनिबनाउ घटना घट्यो ? यो विश्लेषण गर्न जरुरी छ । प्रायःले बाह्य घुसपैठ भन्छन् । घुसपैठ पनि हो । चलखेल पनि हो । अहिलेको स्थितिमा हेर्दा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पहलमा भइरहेको देखिन्छ । किन भयो त भन्दा उनीहरू आफ्नो स्वार्थ अनुसार जान चाहन्छन् । पुराना दलालहरूभन्दा नयाँ दलालहरू स्थापित गर्न खोजिरहेका छन् । विकल्प के हो त ? नयाँ विकल्प भनेर अहिले जे आइरहेको छ, त्यो विचित्रको छ । नयाँ विकल्प भनेको त राजनीतिक विकल्प पो हुन्छ त । खोइ राजनीति ? त्यही संसद ठिक छ, त्यही संविधान ठिक छ, यही सबै ठिक छ तर पुराना पार्टी र नेताहरू ठिक भएनन् भन्छन् । त्यस्तो पनि विश्लेषण हुन्छ कहिँ ? पार्टीका आफ्ना मान्यता हुन्छन् । संसदीय व्यवस्था सुरु भएदेखिका मान्यता छन् । बेलायतदेखि नेपालमा अहिलेसम्म त्यही संसदीय व्यवस्था छ । सबै स्थितिका लागि त त्यही व्यवस्था जिम्मेवार छ नि त । नेपालमा केही हुन नसकेको त त्यही संसदीय व्यवस्थाले गर्दा हो नि त । यो सच्चाइलाई चाहिँ ढाकछोप गर्ने, अनि बेकारका नयाँ कुरा गर्ने ? यो भनेको उत्तरआधुनिकतावादी दृष्टिकोण हो । यो कसरी भने यसले इतिहासको अवमूल्यन गर्छ । यसको अर्थ पुराना दल र नेता ठिक छन् भन्ने होइन । पुराना संसदवादी दलहरू र नेताहरू मात्रै असफल भए भन्ने होइन, सत्ता र व्यवस्था पनि असफल भएको हो । तथ्य यही हो । यो बोध किन छैन जेनजीहरूमा ?

***व्यक्तिवाद र लोकप्रियतावाद नेपालको राजनीतिमा हावी भइरहेको देखिन्छ, यसलाई कसरी हेर्नु भएको छ ?***

कुनै पनि राजनीतिक पार्टीहरू एकाएक जन्मिएका होइनन् । सबैको इतिहास छ । त्यो इतिहासलाई ध्वस्त पार्ने, भर्खर टुसाएका (केही राम्रा पनि होलान हुनलाई) तर उनीहरू अमूक अमूक पार्टीका अमूक अमूक नेताका विरुद्ध आक्रमण केन्द्रित गर्छन् । अमूक अमूक पार्टीका अमूक अमूक नेताको एकोहोरो गुणगान गाउँछन् । यो राजनीति होइन । राजनीति पनि उही, सिद्धान्त पनि उही, व्यवस्था पनि उही, पुराना नेताहरू ओली, प्रचण्ड, देउवाको नयाँ नेताहरू, युवाहरू नेतृत्वमा आउनुपर्छ भन्छन् । सारमा वैदेशिक प्रतिक्रियावादीहरूले एउटा प्रयोग (ट्रायल) पनि गर्न खोजेका हुन् ।

अरब बसन्तको कुरा खूब ल्याउने गरिन्छ । आखिरमा त्यो अमेरिकी साम्राज्यवादको पक्षमा चलाइएको एउटा आन्दोलन हो । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकताको रक्षा गर्ने प्रश्नमा त्यो आन्दोलन केन्द्रित छैन । तानाशाह भए भनेर सरकारका विरुद्ध आन्दोलन गराउने अनि अर्को नयाँ तानाशाहलाई ल्याएर राख्ने काम गराइरहेको छ । अहिले भेनेजुएलाका मादुरोलाई टपक्क टिपेर अमेरिका पुऱ्यायो । विचित्र छ । घटना त्यस्तै घट्न थाले । समग्र विश्वको परिस्थिति हेर्दा यो दुनियाँ नयाँ उपनिवेशवादबाट फेरि उपनिवेशवादतिर फर्किन थालेको जस्तो देखिन्छ । डोनाल्ड ट्रम्पका जेजस्ता योजनाहरू छन्, साम्राज्यवादले त प्रत्यक्ष युद्ध लड्न थाल्यो । नवउपनिवेशवादले त अप्रत्यक्ष रूपमा आफ्ना दलालहरूमार्फत् आफ्ना स्वार्थहरू हासिल गर्ने गर्दथ्यो । यी सबै चिजहरूसँग नेपालको जेनजी परिघटना पनि जोडिएको छ । समग्रमा भन्दा देशको स्वाधीनताको रक्षाको प्रश्नमा थप खतरा पैदा भइरहेको छ ।

***अहिलेको फागुन २१ को चुनावबाट यो समग्र स्थितिको निकास दिन्छ भन्नेमा यहाँ विश्वस्त हुनुहुन्न ?***

चुनाव भएर के हुन्छ र ? त्यही प्रतिनिधिसभा (संसद)को पुनर्स्थापना हुने त हो । त्यसबाट मुलुकमा विद्यमान यावत समस्याको समाधान त हुन सक्दैन । अर्को महत्वपूर्ण कुरा के हो भने प्रत्यक्ष देखिदैन तर वास्तवमा राष्ट्रिय स्वाधीनतासँग जोडिएको प्रश्न पनि हो । तसर्थ, यो चुनावको कुनै अर्थ र औचित्य छैन । हाम्रो पार्टीले बहिस्कार गर्ने निर्णय गरेको छ । यो सही नै छ ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ६ वटा कम्युनिस्ट पार्टीले संयुक्त रूपमा फागुन २१ को चुनाव बहिस्कार गर्ने निर्णय गरेका छन् । संघर्षका कार्यक्रमहरू पनि सार्वजनिक भएका छन् । देशको स्वाधीनताको स्थिति गम्भिर बनिरहेको अवस्थामा ६ वटा कम्युनिस्ट पार्टीसहित छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरू र देशभक्तहरूलाई के सुझाव दिन चाहनुहुन्छ ?***

पहिलो, ६ वटा कम्युनिस्टहरू मिलेर निर्वाचन बहिस्कारका कार्यक्रम अगाडि बढाएका छन् । यो राम्रो कुरा हो । सबैले नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादतिर जानको निम्ति मिहिनेत गर्नुपर्छ- विकल्पको निम्ति । अरु व्यक्तिका विकल्प खोज्छन् । हामीले सत्ता र व्यवस्थाको विकल्प दिनु पर्दछ । यो राजनीतिक विकल्प पेश गरेपछि मान्छेहरू पनि आउँछन् ।

दोस्रो, सम्पूर्ण देशभक्तहरू एकढिक्का हुन जरुरी छ- जोसुकै होसु । नेपालको राष्ट्रिय स्वाधीनताको निम्ति सबै विचार र राजनीति बोक्ने पार्टी वा व्यक्तिहरू एकढिक्का हुन जरुरी हुन्छ । नयाँ ढंगले राष्ट्रिय स्वाधीनताको लडाई लड्न जरुरी छ । देशको निम्ति धेरै ठूलो खतरा आइरहेको छ ।

तेस्रो, हामीले नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादको निम्ति आफ्ना तयारीहरूलाई अगाडि बढाउने, मित्रहरूसँग गोलबन्द हुँदै जाने (अझ फराकिलो बनाउने), देशको राष्ट्रिय स्वाधीनताको पक्षमा उभिन्छन् भने जोसुकै उभियोस् न, एकताबद्ध भएर जानुपर्दछ । यही नै हो अहिलेको मूल कुरा ।

***जेनजी युवाहरूलाई चाहिँ के भन्न चाहनुहुन्छ ? के सन्देश दिन चाहनुहुन्छ ?***

जेनजी (नयाँ पुस्ता)ले सबैको प्रतिनिधित्व गर्दैनन् । अहिले जसले पनि जेनजीको प्रशंसा गरिरहेका छन् । हैरान छ । गुण र दोषका आधारमा हो मुल्यांकन गर्ने । रूपान्तरण हुनुपर्छ, परिवर्तन हुनुपर्छ, राम्रा मान्छे आउनुपर्छ, भनेर आन्दोलन गर्ने कुरा ठिकै छ । तर जेनजीवालाहरूले सिद्धान्त, विचारमा केन्द्रित भएर सोच्नुपर्छ । सिद्धान्त, विचार र राजनीतिलाई छोडेर खालि पुराना दलका पुराना नेता काम नलाग्ने भए भनेर मात्र त हुँदैन नि त । त्यसो गर्ने हो भने त त्यो राजनीति नै होइन । नयाँ के हो त ? परिवर्तन भन्छन् । विचारै छैन के को परिवर्तन ? त्यसकारण जेनजी युवाहरूले साँच्चै नेपाल र नेपाली समाजको रूपान्तरण गर्न चाहेको हो भने नयाँ विचारधारा, नयाँ विश्वदृष्टिकोण, नयाँ सिद्धान्त, नयाँ राजनीतिक कार्यक्रम, कार्यदिशा, नीति, नयाँ संगठन लिएर आउनुपर्छ ।

# लोकनारायण सुवेदी नेतृत्वको नेकपा संयुक्त जनआन्दोलनमा जाने

काठमाडौं । लोकनारायण सुवेदीले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी संयुक्त आन्दोलनमा जाने निर्णय गरेको छ। पार्टी संयोजक लोकनारायण सुवेदीले २०८२ पुस २५ गते जारी गरेको वक्तव्यमा सो कुरा स्पष्ट गरिएको छ। पार्टीको सचिवालय बैठकपछि सो वक्तव्य जारी गरिएको हो। देश अत्यन्तै संगिन घडीमा पुगेको, जनताका समस्याहरू अझ गम्भीर बन्दै गएको र यस परिस्थितिमा निष्पक्ष, स्वतन्त्र र भयरहित बातावरणमा चुनाव सम्पन्न हुने, त्यसले जनता राष्ट्रका समस्या हल गर्ने कुनै गुञ्जायश नरेहको समेत वक्तव्यमा स्पष्ट गरिएको छ। वक्तव्यमा भनिएको छ -

"नेपाल कम्युनिष्ट पार्टीको सचिवालयलको जूम बैठक पार्टीका संयोजक क. लोकनारायण सुवेदीको अध्यक्षतामा बस्यो। बैठकले गरेका निर्णयहरू यसै प्रेस बिज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ।

*१.निर्वाचन सम्बन्धि निर्णय*

नेपाल कम्युनिष्ट पार्टीको सचिवालय बैठकले बर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय गम्भीरतम र जटील राजनीतिक संकटको परिप्रेक्षमा साम्राज्यबाद, यथास्थितिबाद र प्रतिगमन विरुद्ध अग्रगामी राजनीतिक निकासका लागि आन्दोलनमा केन्द्रित हुनुपर्ने महत्वपूर्ण निष्कर्शमा पुगेको छ। यथास्थितिमा रहेको उत्पादन सम्बन्ध र तदजन्य स्थितिमा गरिने गरेका परम्परागत निर्वाचन र बहिष्कार दुबैले बिकसित बर्तमान राजनीतिक संकटको सही निकास दिन नसक्ने निष्कर्शमा बैठक पुगेको हो। बैठकले नेपाल कम्युनिष्ट पार्टीको मूल धेय नयाँ जनबादी क्रान्तिको चरण पार गर्दै बैज्ञानिक समाजबादमा पदार्पण गर्ने भए पनि त्यस पूर्बको बर्तमान उपचरणमा अग्रगामी राजनीतिक निकासका लागि निम्न निचोडमा पुगेको छ।

*२.बर्तमान संकटको निकासको बाटो*




बर्तमान स्थितिको न्यूनतम सही निकास भनेको अग्रगामी शक्तिहरूको सर्बपक्षीय सहमतिमा अन्तरिम स्वाधीन सरकार मार्फत राजनीतिप्रतिको जन वितृष्णा र गुम्दो जन विश्वास पुनःस्थापित गर्ने, सर्वपक्षीय विचार-विमर्शमार्फत साझा जन संविधान निर्माण गर्ने र दीर्घकालीन संरचनाबाट सुशासन, पारदर्शिता, पूर्ण समानुपातिक(हरेक बर्ग,क्षेत्र, लिंग समुदायबाट निर्वाचित हुने) प्रतिनिधित्व र दीगो विकास सुनिश्चित गर्ने प्रक्रियामा दृढताकासाथ लैजाने छ जसमा मजदुर, किसान, महिला, यूवा बिद्यार्थी, बिभिन्न जातीय क्षेत्रीय समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्तिता हुन सक्दछ र यसरी मात्र देशले नयाँ जन राष्ट्रिय एकता, स्वाधीनता, स्थिरता, अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलन, जनजीवनको सुरक्षा, र जनतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्छ।

यसले भ्रष्टाचारमाथि कडा प्रहार गर्दछ र सबै भ्रष्टाचारीलाई बिना मोलहीजा कारबाहीको दायरामा ल्याएर सबै प्रकारको अबैध सम्पत्तिको राष्ट्रियकरण गर्छ। यूवा बेरोजगारीको अन्त्य गर्न रोजगारीको सुनिश्चितका लागि कृषि, कृषिजन्य उद्योग, पर्यटन र सामाजिक सेवा अन्तरगत राष्ट्रिय रोजगारी पैदा गर्ने ठोस र प्रभावकारी नीति अघि सार्दछ।

देशको सार्बभौमिकता र राष्ट्रियताको पक्षमा निशर्त दृढतापूर्बक खडा र संघर्षशील राजनीतिक दल, नागरिक समाज, श्रमिक,(मजदुर किसान) महिला, युवा, क्षेत्रीय र सामुदायिक प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गर्दछ।

क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय औद्योगिकरण र आम विद्युतिकरणको एकीकृत एकमुष्ठ(प्याकेज) नीतिका साथ राष्ट्रिय आत्मनिर्भरताको राष्ट्रिय अर्थतन्त्र र सामाजिक न्यायको दिशामा सक्रियता र दृठताकासाथ अग्रसर हुन्छ।

यसरी जनता र राष्ट्रलाई केन्द्रमा राखेर तिनलाई सबल, सक्षम र समुन्नत तुल्याउनमा रहेका बाह्य र आन्तरिक बाधा ब्यबधानहरू हटाउने एक पछि अर्को आवश्यक, दृढ र सामयिक कदम र उपायहरू निरन्तर अघि सार्दै नेपाली समाजलाई जनवाद हुँदै बैज्ञानिक समाजबादको उच्च चरणतर्फ प्रवेश गराउने अनुकूल बातावरण सिर्जना गर्दछ।

यिनै महत्वपूर्ण राजनीतिक, आर्थिक र सामाजिक कुरालाई जन समक्ष राख्दै देश यतिबेला 'अगाडि बढे खाडलमा खस्ने पछाडि सरे कुवामा फँस्ने' उखान जस्तो चक्रब्यूहमा जानाजान जाकिने अबस्था रहेको र बाह्य हस्तक्षेप पनि अपूर्बरूपमा बढिरहेको, करीब ६० लाख जति युवा मतदाता देश बाहिर जान बाध्य भएको, जेलका संगीन अपराधीहरू बिद्रोहका नाममा हातहतियार सहित छाडिएको र तिनका बारेमा सत्यतथ्य के हो नेपाली जनतालाई प्रष्टसँग नबताइएको, चुनावमा फेरि पनि बहिर्मुखी, भ्रष्ट, नव भ्रष्ट र कमिशन खोर र सत्ताका दलालहरूको बर्चश्व मूलतः रहने भयावह स्थिति रहिरहेको त्रासद परिस्थितिमा निष्पक्ष, स्वतन्त्र र भयरहित बातावरणमा चुनाव सम्पन्न हुने, त्यसले जनता राष्ट्का समस्या हल गर्ने कुनै गुञ्जायश नरेहको र अहिलेसम्मको कुनै अनुभव पनि त्यस्तो नभएको सन्दर्भमा संदिग्ध यस्तो चुनावमा सहभागी भएर जनतालाई यसले निकास दिने कुरा बहिर्मुखी र परनिर्भर सत्ताले दोहोऱ्याए जस्तै दोहोऱ्याउनु कुनै पनि अर्थ छैन। त्यसमाथि स्वाभिमानी, देश र जनताको हितमा लामो समयदेखि अनबरत संघर्षशील र कृयाशील भइरहेको नेपाल कम्युनिष्ट पार्टी जस्तो दललाई त्यो सोभनीय नहुने, त्यसमाथि हाम्रो नेपाल कम्युनिष्ट पार्टीसँग जानाजान मिल्दोजुल्दो नामको पार्टी दर्ता गरे गराएर जनतामा भ्रम छर्ने षडयन्त्र भइरहेको र 'नेकपा' लेखेर, बोलेर र सुनाएर यस्तो अवाञ्छित अभियान ब्यापकरूपमा चालारहेको परिप्रेक्षमा त्यसको समेत भण्डाफोर गर्दै एकल तथा समान बिचार राख्ने राजनैतिक शक्तिहरूसँग संयुक्त आन्दोलनमा जाने निर्णय बैठकले लिएको छ।

३. बैठकले अमेरिकी साम्राज्यबादले भेनेजुएलमाथि गरेको नाङ्गो आक्रमणको जोडदार बिरोध गर्दै आगामी पुष ३० गते भेनेजुएलाप्रति ऐक्यबद्धता जनाउँदै माइतीघर मण्डलामा कार्यक्रम गर्ने निर्णय लिएको र त्यसको आबश्यक तयारीमा तत्कालैदेखि लाग्ने जिम्मा पनि दिएको छ।

४. पूर्ब निर्णय अनुसार 'नेपाल कम्युनिष्ट पार्टी महिला समुदायसँग' राष्ट्रिय अभियान २०८२ लाई अघि बढाउन प्रारम्भिक कार्यको थालनी गर्ने र आगामी आठ मार्चमा राष्ट्रिय महिला भेलाकासाथ सम्पन्न गरिनु पर्ने अन्तर्राष्ट्रिय श्रमिक दिवस सफल पार्न अहिलेदेखि नै आवश्यक कार्यभार पूरा गर्न जिम्मेवारीकासाथ पार्टी क्रियाशील हुने निर्णय गरेको छ।

५.पार्टीलाई ब्यवस्थित, अझ एकताबद्ध र सुदृढ तुल्याउँदै अघि बढ्न नियमित अध्ययन र पार्टी प्रशिक्षण चलाउने समेत निर्णय बैठकले लिएको छ।

६.बैठकले पार्टीलाई उत्पादनसँग जोड्ने र जनता र पार्टीलाई आत्म निर्भर तुल्याउने कार्ययोजनाकासाथ अघि बढ्न आवश्यक प्रारूप तयार गर्ने महत्वपूर्ण निर्णय पनि लिएको छ।

७. बैठकले अन्तर्राष्ट्रिय जन एकता सुदृढ तुल्याउन भाइचारा शक्तिहरू र संगठनहरूसँगको एकताको खोजी गर्न पहल गर्ने समेत निर्णय लिएको छ।"

# निर्वाचन बहिस्कार सफल पारेर संसदीय व्यवस्था जनताको व्यवस्था हैन भन्ने पुष्टि गर्नु छ : सीपी गजुरेल 'गौरव'

**(६ कम्युनिस्ट पार्टीहरुले २०८२ पुस २५ गते काठमाडौँमा आयोजना गरेको निर्वाचन बहिष्कार सम्बन्धी घोषणा सभामा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव तथा केन्द्रीय संयुक्त संघर्ष समितिका संयोजक सी.पी. गजुरेल 'गौरव' द्वारा व्यक्त विचार)**



निर्वाचन सम्बन्धी विषय अहिले नेपालको राजनीतिमा महत्त्वपूर्ण विषय बनेको छ। जेन्जी विद्रोहका कारणले अहिले निर्वाचनको विषय आएको हो। नत्र अझै निर्वाचन हुनका लागि दुई वर्ष बाँकी नै थियो। जेन्जी विद्रोहलाई साम्य पार्नका लागि अन्तरिम सरकार र निर्वाचनको जालो फ्याकिएको छ। अहिले सबै त्यसैमा लटपटी रहेका छन्। जेनजी विद्रोहलाई निर्मूल पार्ने उद्देश्यले यो सबै निर्वाचनका नाटक गरिएको भएपनि विद्रोह शान्त हुने हामीले देखिरहेका छैनौं ।

भाद्र २३ र २४ गते विद्रोह हुने कुरा धेरैलाई थाहा थिएन। त्यस्तै अर्को विद्रोह पनि हुन्छ हुन्छ यो हामीले किटान गरेर भन्न सक्छौं। किनभने जुन समस्याले गर्दा भदौ २३ र २४ गते विद्रोह भएको थियो त्यो समस्या हल भएको छैन। कतिपय हाम्रै कम्युनिस्ट आन्दोलनभित्रका पार्टीहरूले पनि यो चुनावलाई महत्व नदिएर यो चुनाव सँग हाम्रो कुनै लिनुदिनु छैन भनेको पनि सुनिन्छ र यो चुनावप्रति वेवास्ता गरेको पनि देखिन्छ। यहाँ हामीलाई संसद बन्नु पनि छैन, मन्त्री बन्नु पनि छैन, त्यसैले यो चुनावसँग कुनै लिनुदिनु छैन भनेको पनि सुनिन्छ। तर हाम्रो विचारमा त्यसरी वर्तमान जल्दो बल्दो राजनीतिक घटनाप्रति वेवास्ता गर्ने तरिका सही हैन। त्यसलाई कुनै महत्वको विषय नठान्ने तरिका राम्रो होइन भन्ने हाम्रो विचार छ। आम निर्वाचन भनेको कुनै पनि व्यवस्थाको निम्ति वा कुनै पनि सत्ताको निमित्त एउटा महत्वपूर्ण विषय हो। यस्ता राजनीतिक विषयलाई क्रान्तिकारी कम्युनिष्ट पार्टीले यत्तिकै हेरेर बस्ने वा वेवास्ता गर्ने भन्ने कुरा हुँदैन। यसप्रति स्पष्ट दृष्टिकोण बनाएर जनताको बीचमा जानुपर्दछ ।

यो देशको सरकारका मन्त्रीहरू र प्रधानमन्त्रीले यो चुनाव हुन्छ, हामी गराउँछौं र जसरी पनि हुन्छ भनेर बोलिरहेको सुनिरहेका छौ।यो चुनावलाई हामी क्रान्तिकारीहरूले के गर्ने त ? हामीले यो चुनावलाई बहिष्कार गरिदिनुपर्दछ। किनभने यो चुनाव हुनु र नहुनुले यो देशको राजनीतिमा धेरै फरक पर्दैन । यो सरकारको वैधताका लागि, व्यवस्थाको वैधताका लागि उनीहरूले यो चुनाव गर्न खोजेका हुन्। यो व्यवस्थाको वैधताका लागि यो सरकारको वैधताका लागि र जनतालाई भ्रममा पार्नका लागि उनीहरूलाई यो चुनाव गर्नुपरेको छ। यो उनीहरूको बाध्यता हो। हाम्रो त्यसको ठिक उल्टो बाध्यता छ। हामीले भनिरहेका छौँ कि यो सुशीला कार्की नेतृत्वको सरकार अवैधानिक छ , संविधान काम लाग्दैन नयाँ संविधान निर्माण गर्नुपर्दछ। हामीले भनिरहेका छौं कि यदि बहिष्कार आन्दोलन सफल हुने हो भने हामीले भनेको कुरा पुष्टि हुनेछ। त्यसकारण हामीले यो निर्वाचन हुन नदिने वातावरण बनाउनुपरेको छ। बहिष्कार सफल हुनु भनेको जनताको विजय हुनेछ ।निर्वाचन बहिष्कारको सफलताले यो व्यवस्थाप्रतिको जनताको अविश्वास प्रकट हुनेछ। यो संविधानप्रतिको जनताको अविश्वास प्रकट हुनेछ ।

संसदीय व्यवस्था विश्वमा असफल भएको व्यवस्था हो। यो १० वर्षको बीचमा नेपालमा पनि यो व्यवस्था असफल भएको पुष्टि भइसकेको छ। उनीहरूले यो व्यवस्था जतिसुकै सफल भएको देखाउन खोजे पनि उनीहरू त्यसमा सफल हुन सकेका छैनन्। उनीहरूको त्यो असफलतालाई प्रमाणित गर्नका निमित्त हामीले यो चुनावलाई हुन दिनु हुँदैन।

अहिलेदेखि नै उनीहरूले चर्चा गर्न थालेका छन् कि बहिष्कारवालाहरूले तोडफोड गर्छन्, आग्जनी गर्दछन् ,ध्वंस गर्दछन् आदि आदि । उनीहरूले आफ्नो कामप्रति विश्वास नभएर हामीलाई गलत ढंगले प्रचार गरिरहेका छन्। म एउटा जिम्मेवार पार्टीको नेतृत्वको हिसाबले र यो केन्द्रीय संयुक्त संघर्ष समितिको संयोजकको हैसियतले भन्दछु कि हाम्रो निर्वाचन बहिष्कार शान्तिपूर्ण हुनेछ । यो बहिष्कार मूलतः शान्तिपूर्ण हुन्छ। जनताका समस्याहरूलाई स्पष्ट पारेर, जनतालाई रिझाएर जनताको मतबाट नै यो व्यवस्था असफल छ भन्ने कुरा हामी प्रमाणित गर्न गर्न गइरहेका छौं । । आज हामीले बहिष्कार सम्बन्धी कार्यक्रम घोषणा गरेका छौं र ती घोषित कार्यक्रमहरूलाई लागू गर्न हामी देशव्यापी रूपमा सक्रिय हुन्छौं। दाजुभाइ तथा दिदीबहिनीहरू सबैलाई आग्रह गर्न चाहन्छौं कि यो निर्वाचनलाई सफल हुन नदिऔं। यो संविधानको पक्षमा यो व्यवस्थाको पक्षमा जनता छैनन् भन्ने कुरा हामीले प्रमाणित गरिदिनुपर्छ। यो व्यवस्था जनताको व्यवस्था होइन जबरजस्ती जनतामाथि लादिएको व्यवस्था हो भन्ने कुरा निर्वाचन बहिष्कार गरेर प्रमाणित गरिदिनु पर्दछ । हामी घरमा बसेर बहिष्कार गर्ने होइन जनताको बीचमा गएर हाम्रा एजेन्डाहरूलाई प्रचार गरेर, जनताका एजेन्डाहरूलाई जनताकै बीचमा स्थापित गरेर हामीले बहिष्कार गर्नेछौँ। यो व्यवस्थाप्रति जनताको आक्रोश छ। तर हामीले सकभर आफ्नो तर्फबाट शान्तिपूर्ण ढंगले बहिष्कार आन्दोलनलाई अगाडि बढाउनेछौं । यहाँहरू सबै यो निर्वाचन बहिष्कार घोषणा कार्यक्रममा सहभागी हुनुभयो। आगामी कार्यक्रमहरूमा पनि यहाँहरू सक्रियतापूर्वक सहभागी हुनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । हामी सबै मिलेर नेपालको इतिहासमा अपूर्व किसिमको बहिष्कार गर्नेछौं। यो बहिष्कारको कार्यक्रमपछि हाम्रो अरु सशक्त प्रकारको संघर्षको कार्यधम अवश्य पनि बन्नेछ भन्ने आशा र विश्वासका साथ म विदा हुन्छु । धन्यवाद !

# नवऔपनिवेशिकताको समस्या समाधान गर्न स्वाधीन संयुक्त सरकार जरूरी छ : धर्मेन्द्र बास्तोला



**(६ कम्युनिस्ट पार्टीहरुले २०८२ पुस २५ गते काठमाडौँमा आयोजना गरेको निर्वाचन बहिष्कार सम्बन्धी घोषणा सभामा नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का महासचिव द्वारा व्यक्त विचार)**

*आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,*

सबैलाई थाहा छ कि गत भदौ २३ र २४ गते नेपालमा जेन्जी आन्दोलन भयो, त्यो आन्दोलनपछि नेपालमा नयाँ निर्वाचन गर्ने भनिएको छ। त्यो निर्वाचनले के गर्नेछ ? त्यसबारेमा हामी स्पष्ट हुन जरुरी छ कि यो चुनावले नेपालको पराधीनतालाई बदल्दैछ ? के यो चुनावपछि बन्ने सरकारले नेपाली समाजमा लामो समयदेखि अपेक्षा गरिरहेको समाजको परिवर्तन गर्नेछ ? के यो चुनावपछि बन्ने सरकारले अल्फा पुस्ता, जेन्जी पुस्ता वा त्यो भन्दा अगाडिका पुस्ता, वा हाम्रा नयाँ पुस्ताहरूको मागलाई सम्बोधन गर्नेछ ? उनीहरूको मागलाई, आवश्यकतालाई पुरा गर्नेछ ? पूरा गर्ने छैन बरु आजसम्म कायम रहँदै आएकोन पुरानो नवऔपनिवेशिकतालाई निरन्तरता दिनेछ। नवऔपनिवेशिक व्यवस्थाले नेपाललाई आर्थिक रूपले टाट पल्टाएको छ। नेपाली पूँजी समाप्त पारेको छ। राष्ट्रिय उद्योगहरू समाप्त पारेको छ। नेपाली उद्यमी , व्यवसायीहरूलाई बैंकको ऋणमा डुबाएको छ। नेपालका मजदुर, किसान, विद्यार्थीआम जनताका समस्याहरू यथावत रहेका छन्। के यी तमाम समस्याहरूलाई चुनावले समाधान गर्न सक्छ ? गर्न सक्दैन । यो चुनावले दलाल पुँजीवादी संसदीय प्रतिक्रियावादी व्यवस्थाको लुटलाई निरन्तरता दिनेछ । तसर्थ यस्तो अर्थहीन निर्वाचनलाई हामीले बहिष्कार गर्नुपर्दछ । यो दलाल पुँजीवादी व्यवस्था जसले राष्ट्रपति भवनमा आगो लगायो, जसले सर्वोच्च अदालतमा आगो लगायो ,यही व्यवस्थालाई बचाउनका लागि चुनाव हुँदैछ। यही संविधानलाई कायम राख्न चुनाव हुँदैछ। त्यसकारण नेपालका क्रान्तिकारी पार्टीहरू एक ढिक्का भएर यो निर्वाचनलाई बहिष्कार गर्न आम जनतालाई अपिल गरेका छौँ ।

अहिले यहाँ सर्वपक्षीय सरकारको कुरा उठिरहेको छ। तर यो सर्वपक्षीय सरकारले नेपालको नवऔपनिवेशिकताको समस्यालाई समाधान गर्न सक्दैन। नेपालमा अहिले एकाधिकार पुँजीपतिहरूको लुटपाट चलिरहेको छ। त्यो लुटपाटको अन्त्य गर्नका लागि स्वाधीन संयुक्त सरकारको जरुरी छ। नेपालको राजनीतिक प्रणालीमा बदलाव आउन जरुरी छ । त्यो बदलावको निमित्त हामीलाई स्वाधीन संयुक्त सरकारको जरुरी छ। दोस्रो कुरा जनसंविधान बन्न जरुरी छ। हाम्रो देशमा संविधान छ । नेपाली जनताले ६० -६५ वर्ष संघर्ष गरेर , १० वर्ष जनयुद्ध गरेर निर्माण भएको संविधान छ । तर त्यो संविधान दलाल पुँजीपतिहरूको कब्जामा गएको छ। जनताको संविधान बनाइसकेपछि त्यो संविधानले निर्धारण गरेको निर्वाचन प्रणालीका आधारमा निर्वाचन हुनुपर्छ भन्ने हाम्रो भनाइ हो। केन्द्रीय संयुक्त सङ्घर्ष समितिको मान्यता पनि यही हो । जनतासित हाम्रो अपिल पनि यही हो। केन्द्रीय संयुक्त सङ्घर्ष समितिका संयोजक कमरेडले यहाँ आगामी कार्यक्रमको वाचन गरेर घोषणा गर्नुभएको छ। चरणबद्ध रूपमा हाम्रो कार्यक्रम हुनेछ । यही पुष २९ गते हामीले उपत्यका बन्दको कार्यक्रम राखेका छौं ।

# एक थान संसदको चुनाव वा एक थान मुर्कट्टा सरकार समस्याको समाधान होइन : आहुति

**(६ कम्युनिस्ट पार्टीहरुले २०८२ पुस २५ गते काठमाडौँमा आयोजना गरेको निर्वाचन बहिष्कार सम्बन्धी घोषणा सभामा वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी का महासचिव आहुतिद्वारा व्यक्त विचार)**



आज हामीले भनेका छौँ कि जेन्जी विद्रोहपछि नेपालको राजनीतिमा खालीपन सिर्जना भएको छ। दलालहरू सत्तामा बसेका छन् । यो सरकारको टाउको कहाँ छ कसैलाई थाहा छैन। दन्ते कथामा वा भूत प्रेतको कथामा हामीले सुनेका छौं टाउको नभएको मुर्कट्टा । त्यस्तै यो सरकारको पनि टाउको छैन कहाँबाट निर्णय हुन्छ कसैलाई थाहा हुँदैन । जस्ता मान्छेहरू मन्त्री भएका छन् तिनीहरू हास्यास्पद लाग्दछन्। अमेरिका घुम्न जान पाउँ भन्ने मन्त्रीहरू छन्। पार्टी बनाउँछ र म पार्टीको सदस्य छैन भन्ने जस्ता हासास्पद कुरा गर्दछन्। नबोल्ने छाँट छ,न नीतिमा निरन्तरता छ,न जनताले चुनेको हो,केही पनि छैन, तर कसैले टपक्क टिपेर माथि राखिदियो- कठपुतली सरकार। सबैतिरबाट के हल्ला गरिँदैछ भने एक थान चुनाव गरेपछि यो समस्या समाधान हुन्छ। यदि त्यसो हो भने के यो सरकार बन्नुभन्दा पहिले संसद् थिएन ? के यो सरकार बन्नुभन्दा पहिले सरकार थिएन ? हामीले भन्यौं कि एक थान संसदको चुनाव वा एक थान मुर्कट्टा सरकार समस्याको समाधान होइन। पहिलो संविधान सभा किन विघटन गरियो? किनभने देश प्रगतिशील बाटोमा हिँड्ने स्थिति थिएन। दोस्रो संविधानसभापछि नेपालका पाँचवटा आधारभूत समस्याहरूलाई समाधान नगर्ने गरी, जनआन्दोलन र जनयुद्धको भावनालाई कुल्चने गरी संविधान जारी गरियो। त्यसैले अहिलेको समस्याको जड यही नयाँ संविधानमा छ। के नेपालमा असी लाख नेपाली चुलो नबोल्ने स्थिति भए पछि विदेश जानुपरेको चुनाव नभएर हो ? नेपालमा लगातार चुनाव भइरहेको छ ।कहिले स्थानीय भएको छ कहिले संसदको भएको छ चुनाव भइरहेको छ। पाँच पाँच वर्षमा तीन तीन वर्षमा चुनाव त भइरहेकै छन्। पञ्चायतकालमा पनि चुनावहरू हुन्थे। २०४६ सालको पछि पनि चुनावहरू भइरहेकै छन् । ८० लाख नेपाली विदेश नगैकन नेपालीहरूको चुलो नबल्ने अवस्था जो देशमा सिर्जना भएको छ, के त्यो चुनाव नभएकाले हो? हैन, यसको जड भनेको दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्था हो। जसले यो देशमा उद्योगधन्दा चल्नै दिएन। यो देशको कृषि क्षेत्रलाई निराश बनायो ।आइएमएफ र विश्व बैंक जस्ता साम्राज्यवादी संस्थाहरूको नीतिलाई यहाँ लागू गरियो। जसले गर्दा विदेश नगइकन नेपालीहरूलाई बाँच्नै नसक्ने स्थितिमा पुर्याइयो। किसान , मजदुरहरूको वर्गीय समस्या विकराल बन्दै गयो। यो वर्गीय समस्या समाधान गर्नुको सट्टा संविधानले सम्पत्तिमा व्यक्तिको अधिकार सुनिश्चित गर्यो, सम्पत्तिमा समुदायको अधिकार सुनिश्चित गरेन र सम्पत्तिमा राज्यको अधिकार पनि सुनिश्चित गरेन। जसका कारणले कृषि क्षेत्र निराश भयो। उद्योगधन्दा चौपट भयो। २०४० सालको आसपासमा मल कारखाना खोल्ने भनेर ललितपुरका किसानहरूको जग्गा जफत गरियो। अहिले ४० वर्ष भयो एउटा मल कारखाना पनि खुल्न सकेन। जसले गर्दा किसानहरू निराश हुँदै जानुपर्यो, उद्योग धन्दाहरू बर्बाद भए। के कारणले गर्दा यस्तो स्थिति आयो ? यो संविधानले नव उदारवादका विरुद्ध लड्ने कुरा गर्न सकेन। यो नयाँ संविधानले राष्ट्रिय स्वाधीनताका कुरा गर्न सकेन। यो नयाँ संविधानले भूमिसुधारको मुद्दा नै उडाइदियो। जग्गा जमिनमा किसानहरूको अधिकार बनाउनुको सट्टा यो संविधानले जमिन भूमाफियाहरूको जिम्मा लगायो । नेपालका महिलाहरू अरबमा बेचिने स्थिति सिर्जना गरिदियो। महिलाहरू माथिको पुँजीवादी शोषण अन्त्य गर्ने मुद्दा संविधानमा कहिँ पनि परेन। जात व्यवस्थाले नेपाली समाज थिलोथिलो भएको छ। तर दलितहरूको समस्या समाधान गर्ने बारेमा आधारभूत रूपमा यो संविधानले केही गर्न सकेन । नेपालका आदिवासी जनजातिहरूको भाषालाई मार्ने काम भयो। छ वटा प्रदेशमा खस नेपाली भाषीहरूलाई बहुमतमा हालिएको छ।

नेपाली समाजको सबैभन्दा ठूलो समस्या भनेको वैदेशिक हस्तक्षेपको समस्या हो। नेपालको राजनीतिको सूक्ष्म व्यवस्थापनमा समेत वैदेशिक हस्तक्षेप छ। यो वैदेशिक हस्तक्षेप र यो नउपनिवेशिकताबाट निस्कनका लागि यो व्यवस्थाले कुनै काम गरेन । यो संविधानले पनि कुनै काम गर्न सकेन। बरु यहाँ राष्ट्रघाती एमसीसी सम्झौता लिएर थोपरियो। यस्ता बहुराष्ट्रिय कम्पनीहरूबाट नेपालका नदीनालाहरू बेचिन्छन्। एमसीसी सम्झौता अन्तर्गत एमसीए प्रोजेक्ट लागुभएका ठाउंहरूमा घरहरू बनाइँदैछ, भवनहरू निर्माण गरिँदैछ। त्यस्ता ठाउँहरूमा नेपालको कानुन लाग्दैन । एमसीए प्रोजेक्ट चलिरहेका ठाउँहरूमा उनीहरूले ओगटेको जग्गामा कुनै अपराधिक कार्य भयो भने त्यसको कानुन नेपालमा लाग्दैन त्यसको कानुनी कार्य अमेरिकामा हुन्छ। त्यसैले यहाँ नेपालभित्र साना साना अमेरिकाहरू निर्माण गरिँदैछ।

यो व्यवस्थाले जनजीविकाको समस्या पनि समाधान गर्न सकेन र सक्दैन। जनजाति , दलित, महिलाहरूको समस्या आधारभूतले समाधान भएन। वैदेशिक हस्तक्षेप पनि कम भएन। यसरी आधारभूत रूपले समस्याको समाधान नभएको परिस्थितिमा त्यसको जगमा जेन्जी विद्रोह जन्मिएको हो। नेपालका क्रान्तिकारी पार्टीहरूले नेपाली समाजलाई परिवर्तन गर्नका लागि लगातार संघर्ष गर्दै आएका छन्। जेन्जी विद्रोहपछि त्यो विद्रोहलाई अपहरण गरियो र प्रतिगमनतर्फ लाने प्रयत्न गरियो। प्रतिगमनतर्फ लगेर राजा ल्याउने आदि इत्यादि प्रयास भए। नेपाली समाजले त्यो कुरालाई अस्वीकार गरेको हुँदा त्यो सम्भव हुन सकेन। यसले गर्दा यथास्थितिवादलाई कायम राख्ने काम भएको छ। के एक थान सरकारको विघटन भएर अर्को सरकार बनाएर समस्याको समाधान भयो ? तिनै विचार भएका , त्यस्तै सोचाइ भएका , न तिनीसँग कुनै वैदेशिक हस्तक्षेप रोक्ने नीति छ, न गरिबको समस्या समाधान गर्ने कुनै कार्यक्रम छ, न राष्ट्रिय स्वाधीनता संरक्षण गर्ने नीति छ, त्यसै प्रकारका पार्टीहरू मध्येबाट संसद बनाएर के यो समस्याको समाधान हुन्छ ? कुनै हालतमा हुने वाला छैन । यहाँ व्यक्ति बिग्रेका कारणले समस्याहरू सिर्जना भएको हो भन्ने चर्चा गरिएको छ र सम्पूर्ण चिजलाई व्यक्ति केन्द्रित गरिएको छ। व्यक्तिहरू बिग्रेका हुन्, सडेका हुन् , गलेका हुन् , त्यही भएर त उनीहरूलाई जेनजी विद्रोहले बेस्सरी थप्पड हानेको हो। मूलतः समस्या व्यक्तिमा होइन व्यवस्थामा छ। त्यसकारणले व्यक्ति होइन व्यवस्था परिवर्तन गर्ने आन्दोलनलाई अगाडि बढाउन जरुरी छ ।

# डिजिटल साम्राज्यवादको बेरूपी जालबाज



● प्रभात भट्टराई ●

**अफ्रिका, ल्याटिन अमेरिका अब उप्रान्त सम्भाव्य अमेरिकी नीति (२०२६ आसपास) यो भविष्यवाणी होइन ढाँचागत विश्लेषण हो । प्राथमिक टार्गेट ब्लक चीन मुख्य रणनीतिक शत्रु टेक, ताइवान, साउथ चाइना सी प्रत्यक्ष युद्ध होइन ! घेराबन्दी । रुस युक्रेनमार्फत कमजोर पार्ने नीति दीर्घकालीन थकान युद्ध । इरान प्रतिबन्ध+ इस्राइल कार्ड प्रत्यक्ष युद्ध जोखिमपूर्ण । माध्यमिक टार्गेट भेनेजुएला तेल संकट बढे फेरि दबाब । क्युबा शासन परिवर्तन सपना अझै । आज मित्र, भोलि नियन्त्रण डलर बाट बाहिरिए खतरा नयाँ नीति विशेषता (आगामी दशक) नगन्य ठूला थलसेना युद्ध घट्ने ।**

गरिव मुलुक, क्रान्तिकारीहरू लाचार, अपरिपक्व, परनिर्भर, अस्थिर, बिकाउ हुन, "सबै पार्टी, विचार, सिद्धान्त र राजनीति नै गलत" भन्ने भाष्यको जवर्जस्त निर्माण गरिएको छ । यसको वर्गीय अर्थ राजनीति तटस्थ हुँदैन । जब "सबै राजनीति फोहोरी हो", "कुनै पनि विचार काम लाग्दैन" भन्ने निराशावादी भाष्य फैलाइन्छ, त्यसको उद्देश्य हुन्छः अधिकार बिहिन शोषित जनता त्यो वर्गलाई संगठित हुन नदिनु, जनताको प्रतिरोधको चेतनालाई नष्ट गर्नु । "The ruling ideas of every epoch are the ideas of the ruling class ।'' आज "विचार विहीनता", "राजनीति विहीनता" नै शासक वर्ग (साम्राज्यवाद/एकाधिकार पुँजी) को शासक विचार बनेको छ । सामाजिक सञ्जाल, एआई र 'निरपेक्षता'को भ्रम :- सामाजिक सञ्जाल र एआईलाई "निरपेक्ष, स्वतन्त्र, वस्तुगत" देखाइन्छ । तर A– उत्पादनका साधन जसको हातमा हुन्छ, चेतनाको उत्पादन पनि उसैको हातमा हुन्छ । B "Reedom in capitalist society always remains about the same as it was in ancient Greek republicsM freedom for slave–owners." अर्थात "पुँजीवादी समाजमा स्वतन्त्रता सधैं प्राचीन ग्रीक गणराज्यहरूमा जस्तै रहन्छ–दास मालिकहरूका लागि मात्र स्वतन्त्रत ।" आजः एल्गोरिदम, डाटा, सूचना प्रवाह- सबै एकाधिकार पुँजीको नियन्त्रणमा छन् । एआईले के देखाउने, के लुकाउने, के 'ट्रेन्ड' बनाउने–सबै वर्गीय निर्णय हुन् । एनजीओ आइएनजीओ, 'जनजागरण' र 'गरिबी उन्मूलन' को वास्तविक चरित्र :- AB, एनजीओ आइएनजीओहरूः राज्य कमजोर बनाउने, वर्ग सङ्घर्षलाई पहिचान-विखण्डन (जात, धर्म, लैङ्गिकता) मा रूपान्तरण गर्ने, राजनीतिक प्रश्नलाई प्राविधिक/मानवीय प्रश्नमा झार्ने उपकरण बनेका छन् । B " Imperialism is capitalism at that stage of development at which the dominance of monopolies and finance capital is established." – ImperialismM The Highest Stage of Capitalism आजको साम्राज्यवादः सेना मात्र होइन-एनजीओ, परियोजना, मानवअधिकार रिपोर्ट, AI narrative मार्फत काम गर्छ । "अधिकार" को नाममा राजनीति विघटन :- मार्क्सवाद अधिकारको विरोध गर्दैन, तर वर्ग-सन्दर्भविहीन अधिकार लाई भ्रम मान्छ । AE "The state is nothing but an instrument of oppression of one class by another." जबः शिक्षा = परियोजना, स्वास्थ्य= अनुदान, रोजगार= तालिम, राजनीति= 'हेट स्पीच' बनाइन्छ, तब वर्गसत्ता अदृश्य बनाइन्छ । "राजनीतिको अन्त्य" भन्ने भाष्य नै साम्राज्यवादी राजनीति हो। त्यसैले सबैभन्दा खतरनाक राजनीति भनेको–"राजनीति छैन" भन्ने राजनीति हो । B "Without revolutionary theory, there can be no revolutionary movement."– What Is To Be Done ? त्यसैलेः विचार नष्ट गर । संगठन बदनाम गर । नेतृत्वलाई अपराधी देखाऊ। जनतालाई 'न्यूट्रल' बनाऊ यही नै आजको डिजिटल-साम्राज्यवादी रणनिति हो । (Lः यसको सार) राजनीति मर्दैन, रूप बदल्छ साम्राज्यवाद आजः बन्दुकभन्दा बढी कथा (narrative), एल्गोरिदम, NGO, AI मार्फत लड्छ वर्ग सङ्घर्ष दबाउन विचारविहीनता र निराशा फैलाइन्छ । A "Philosophers have only interpreted the worldÙ the point, however, is to change it." ट्रम्प (अमेरिकी) रणनीतिः सार्वभौम राष्ट्रमाथि हस्तक्षेप :- अमेरिकाको साम्राज्यवादी नीति कुनै एक राष्ट्रपति (ट्रम्प, बाइडेन, ओबामा) को व्यक्तिगत सनक होइन– यो अमेरिकी राज्य- पुँजी- सैन्य- खुफिया संयन्त्रको दीर्घकालीन नीति हो । भेनेजोएला- निकोलस मादुरो तेलः विश्वकै सबैभन्दा ठूलो तेल भण्डार भेनेजोएला~ ३०३ अर्ब बारेल सबैभन्दा ठूलो भण्डार (लगभग १७%), साउदी अरब ~२६७ अर्ब बारेल दोस्रो ठूलो, इरान ~२०९ अर्ब बारेल तेस्रो ठूलो, क्यानडा ~१६३ अर्ब बारेल चौथो ठूलो इराक ~१४५ अर्ब बारेल पाँचौ संयुक्त राज्य विश्वले उत्पादन धेरै गरेता पनि भण्डारमा तेस्रो-दशौँ स्थानमा छ । रणनीतिः आर्थिक नाकाबन्दी (Sanctions) :- विपक्षी नेता (Juan Guaidó) लाई "राष्ट्रपति" घोषणा कथपुतली सरकार प्रयास । CIA समर्थित अपहरण/कु-प्रयास (Operation Gideon) लक्ष्यः समाजवादी सरकार ढालेर अमेरिकी पुँजीको प्रवेश। गद्दाफी (लिबिया) अफ्रिकन स्वर्ण-मुद्रा (Gold Dinar) योजना NATO बमबारी अन्ततः भीडमार्फत हत्या आज लिबियाः गृहयुद्ध, दास बजार, अराजकता। सद्दाम हुसेन (इराक) "Mass Destruction Weapon" झूट तेलको राष्ट्रियकरण फाँसीपछिः लाखौं नागरिक मृत्यु-जन्म अन्ततः अमेरिकी तेल कम्पनीहरूको कब्जा निष्कर्ष अमेरिका जहाँः प्राकृतिक स्रोत स्वतन्त्र नीति समाजवादी/राष्ट्रवादी नेतृत्व त्यहाँ हस्तक्षेप निश्चित हुन्छ। : : साम्राज्यवादको आर्थिक जड सीधै "Imperialism" शब्द प्रयोग नगरेपनी पुँजीवादको अन्तिम नियति सारमा : "पुँजी आफैंलाई विस्तार गर्न बाध्य हुन्छ। जब घरेलु बजार सकिन्छ, पुँजी विदेशतिर जान्छ । त्यसैले" पुँजी, मुनाफा, नयाँ बजार नयाँ बजार, उपनिवेश, युद्ध, दमन राज्य, पुँजीको सुरक्षाकर्मी । अमेरिकी राज्य= अमेरिकी पुँजीको चौकीदार द्य : साम्राज्यवाद= पुँजीवादको उच्चतम चरण ImperialismM The Highest Stage of Capitalism । विशेषता :

एकाधिकार पुँजी (Monopolies), बैंक र उद्योगको एकीकरण/वित्तीय पुँजी, पुँजी निर्यात (Export of Capital), विश्वको बाँडफाँड, ठूला शक्तिबीच युद्ध । "साम्राज्यवाद शान्तिपूर्ण हुन सक्दैन । युद्ध, हस्तक्षेप र दमन यसको अनिवार्य परिणाम हुन् ।" ट्रम्पको नीति= यस सिद्धान्तको जीवित उदाहरण हो । माओ त्सेतुङले अमेरिकाबारे भनेः "अमेरिकी साम्राज्यवाद कागजी बाघ हो । देखिन्छ बलियो, तर जनताको संघर्ष अघि कमजोर ।" साम्राज्यवाद बाहिर बलियो, भित्र संकटग्रस्त जनता संगठित भए साम्राज्यवाद हार्छ । राष्ट्रिय मुक्ति संघर्ष अपरिहार्य भेनेजोएला, क्युबा, भियतनाम, चीन– यी सबै माओको चेतावनीको प्रमाण हुन्। मादुरोमाथि अपहरण :- पुँजी निर्यात+ तेल नियन्त्रण।गद्दाफी हत्याः- वैकल्पिक वित्तीय प्रणालीको नाश।सद्दाम फाँसीः- तेल र मध्यपूर्व नियन्त्रण ल्इ/मानवअधिकारः- नयाँ उपनिवेशवाद । ट्रम्पको खुलेआम धम्कीः- साम्राज्यवादको निर्लज्ज चरण अमेरिकी साम्राज्यवाद "लोकतन्त्र" होइन– यो बन्दुक, प्रतिबन्ध र षड्यन्त्रको राजनीति हो । अमेरिकाको हस्तक्षेपमा पतन भएका राष्ट्र प्रमुखहरू (मुख्य उदाहरण):- प्रत्यक्ष हटाइएका / मारिएका नेता इरान- मोहम्मद मोसाद्देक (१९५३) तेल राष्ट्रियकरण CIA–MI ६ कू (Operation Ajax) । कंगो- प्याट्रिस लुमुम्बा (१९६१) प्यान-अफ्रिकन, समाजवादी झुकाव,ऋक्ष्ब सहयोगमा हत्या दशकौं अस्थिरता। चिली - साल्भाडोर आलेंदे (१९७३) लोकतान्त्रिक समाजवादी पिनोचेट कू (CIA समर्थित) हजारौं हत्या/बेपत्ता।इराक - सद्दाम हुसेन (२००६) तेल नियन्त्रण झूटो WMD अमेरिकी कब्जापछि फाँसी।लिबिया - मुअम्मर गद्दाफी (२०११)अफ्रिकी स्वर्ण मुद्रा योजना NATO बमबारी भीडद्वारा हत्या। कू/हस्तक्षेपपछि हटाइएका वा कमजोर पारिएकाः- अफगानिस्तान सोभियतविरुद्ध मुजाहिदिन समर्थन तालिबान जन्म २० वर्षे युद्ध, अन्ततः अमेरिकी हार। भेनेजुएला ह्युगो चाभेज (कू प्रयास २००२)मादुरो (प्रतिबन्ध, अपहरण )सरकार ढाल्न असफल तर देश कमजोर। हैटी जाँ-बर्त्रान अरिस्टाइड दुईपटक अपदस्थ स्थायी अस्थिरता। ग्वाटेमाला लोकतान्त्रिक सरकार ढालियो (१९५४) दशकौं गृहयुद्ध। राष्ट्र तहमा ध्वस्त पारिएका देशहरू :- इराक विभाजन, ISIS, कब्जा, लिबिया असफल राज्य,अफगानिस्तान युद्ध+ तालिबान, सिरिया प्रोक्सी युद्ध, यमन मानवीय विपत्ति, युक्रेन NATO-रूस युद्धको मैदान । ढाँचा उही तेल/भौगोलिक स्थिति/स्वतन्त्र नीति ! हस्तक्षेप ! अराजकता।प्रयोग हुने अमेरिकी हस्तक्षेपका "मोडेल" कू (CIA Model) सेना, जनरल, विपक्षी प्रयोग - चिली, इरान, कंगो । आर्थिक युद्ध- प्रतिबन्ध, IMF, विश्व बैंक इरान, भेनेजुएला, क्युबा । सूचना युद्ध :- NGO, मानवअधिकार, मिडिया "तानाशाह" Narrative । प्रोक्सी युद्ध- आफ्नै सेना नपठाउने सिरिया, युक्रेन । चुनावी हस्तक्षेप मनपर्ने नेता उचाल्ने अफ्रिका, ल्याटिन अमेरिका अब उप्रान्त सम्भाव्य अमेरिकी नीति (२०२६ आसपास) यो भविष्यवाणी होइन ढाँचागत विश्लेषण हो । प्राथमिक टार्गेट ब्लक चीन मुख्य रणनीतिक शत्रु टेक, ताइवान, साउथ चाइना सी प्रत्यक्ष युद्ध होइन ! घेराबन्दी । रूस युक्रेनमार्फत कमजोर पार्ने नीति दीर्घकालीन थकान युद्ध । इरान प्रतिबन्ध+ इस्राइल कार्ड प्रत्यक्ष युद्ध जोखिमपूर्ण । माध्यमिक टार्गेट भेनेजुएला तेल संकट बढे फेरि दबाब । क्युबा शासन परिवर्तन सपना अझै । आज मित्र, भोलि नियन्त्रण डलरबाट बाहिरिए खतरा नयाँ नीति विशेषता (आगामी दशक) नगन्य ठूला थलसेना युद्ध घट्ने । अनिवार्य - ड्रोन, साइबर, AI युद्ध, आर्थिक नाकाबन्दी, आन्तरिक द्वन्द्व भड्काउने, "लोकतन्त्र" को खोल । AB निष्कर्ष :- पुँजी संकटमा छ ! युद्ध अपरिहार्य, B साम्राज्यवाद शान्त हुन सक्दैन । त्यसैले जनता संगठित भए बाघ कागजी हुन्छ । अमेरिका व्यक्ति होइन, यो प्रणाली हो । प्रणाली ढाल्न विचार र संगठन चाहिन्छ यो नै आजको निस्कर्ष बनेको छ । साम्राज्यवादले नेपाललाई कसरी हेरेको छ । नेपाल किन साम्राज्यवादी दृष्टिमा "महत्वपूर्ण" छ ? नेपालमाः ठूला उद्योग छैन, नेपाल भुपरिबेस्टित र भ्रजिन ल्याण्ड हो, हाइड्रो, युरोनियमलगायत खनिजको ठूलो सम्भाब्यता नभएको भने होइन ? भू-रणनीतिक स्थिति चीन र भारतको बीच, BRI (चीन) ! Indo–Pacific Strategy (अमेरिका) को क्रसरो, हिमाल= सैन्य/निगरानी दृष्टिले संवेदनशील, नेपाल स्रोतको होइन, नियन्त्रणको राजनीतिमा पर्छ । नेपालमा सम्भाव्य अमेरिकी/पश्चिमी हस्तक्षेपका मोडेल अमेरिका नेपालमा इराक/लिबियाजस्तो खुला सैन्य हस्तक्षेप गर्दैन। यहाँ प्रयोग हुने मोडेल फरक हुन्छ । वैचारिक र नीतिगत हस्तक्षेप (Soft Imperialism) MCC जस्ता परियोजना "अनुदान" को भाषा भित्रः नीति, कानुन, प्राथमिकतामा हस्तक्षेप सैन्य शब्दावली नदेखिने, तर रणनीतिक सर्तहरू NGO/ INGO नेटवर्क, मानवअधिकार, सुशासन,लैङ्गिक/पहिचान (वर्गभन्दा पहिचान अघि) वर्गीय चेतना कमजोर बनाउने,राज्यलाई नीति-निर्माणमा निर्भर बनाउने। आर्थिक निर्भरता र ऋण-राजनीति वैदेशिक सहायता IMF/World Bank को सर्त निजीकरण, श्रम लचिलोपन A "ऋण भनेको भविष्यको श्रममाथि कब्जा हो ।" नेपालमाः सार्वजनिक सम्पत्ति कमजोर, श्रमिक विदेश पलायन,राज्य कर उठाउने भन्दा अनुदान कुर्ने, सूचना युद्ध (Narrative Control) "विकास= निजीकरण", "राजनीति= भ्रष्ट", "संघर्ष= अतिवाद" यसले जनतामा भ्रम "सबै उस्तै हुन ", "विचारले पेट भर्रिदैन" यही नै राजनीतिक निष्क्रियता उत्पादन गर्ने कारखाना हो । सम्भाव्य भविष्यका जोखिम- चीन-विरोधी मोर्चामा तानिने दबाब, खुला सैन्य होइन कूटनीतिक, नीतिगत, सूचनात्मक, राष्ट्रिय निर्णय क्षमता कमजोर, ठूला नीति बाहिरै तय हुने, संसद औपचारिक, वर्ग संघर्ष होइन, गरिब vs धनी होइन जात/क्षेत्र/लिङ्ग मात्र यसले शोषक सुरक्षित बनाउँछ । A "राज्य शासक वर्गको सामूहिक समिति हो ।" राज्य पुँजी र दलाल पुँजीको संरक्षणकर्ता, श्रमिक/किसान नीति-निर्माणमा बाहिर, जब राज्य कमजोर हुन्छ, बाह्य शक्ति सजिलै पस्छ । साम्राज्यवाद बिना सेना पनि आउँछ B "आधुनिक साम्राज्यवाद सधैं बन्दुकसहित आउँदैन, कहिलेकाहीँ बैंक र सम्झौतासहित आउँछ ।" सैन्य अड्डा छैन तर नीति, अर्थ, शिक्षा प्रभावित यो नै २१औं शताब्दीको उपनिवेशवादाऋ "साम्राज्यवाद बाहिर बलियो देखिन्छ, तर भित्र खोक्रो हुन्छ । जनता उठे भने त्यो कागजी बाघ हो ।" नेपालमाः जनता विखण्डित, संगठन कमजोर, विचारभन्दा "सेवा" हावी यसले बाघलाई कागज होइन, डरलाग्दो बनाइदिन्छ । नेपालका लागि वैकल्पिक बाटो A वैचारिक स्पष्टता, विकास≠निजीकरण मात्र, स्वतन्त्रता≠अनुदान, वर्गीय एकता, किसान-श्रमिक-युवा, वर्ग केन्द्रमा, बहुपक्षीय सन्तुलन, कुनै शक्ति-ब्लकको उपनिवेश होइन, आत्मनिर्भर नीति, नेपालमाथि खतरा, ट्यांकले होइन, सम्झौताले, ऋणले र चेतनाको क्षयले आउँछ । नेपाल जेलेस्किहरू (सुशीला सरकार त्यही योजनामा अघि बढिरहेको अवस्था ) निर्माण गर्ने प्रक्रियामा अगाडि बढेको छ ।

## दलित...

भएको अमेरिकी सैन्य हस्तक्षेपको घोर निन्दा तथा भत्सना गरेका छन् । उनीहरूले अमेरिकी साम्राज्यवादको नाइके डोनाल्ड ट्रम्पको निर्देशनमा सन् २०२६ जनवरी ३ मा भेनेजुएलामाथि सैन्य आक्रमण गरी निर्वाचित राष्ट्रपति निकोलास मादुरो र उनकी श्रीमती, प्रथम महिला सिलिया फ्लोरेसलाई गिरफ्तार गरी अमेरिका लगेर मुद्दा चलाउने तथा अर्को व्यवस्था स्थापना नहुञ्जेलसम्म भेनेजुएलाको सत्ता अमेरिका स्वयंले सञ्चालन गर्ने घोषणालाई चरम साम्राज्यवादी, फासीवादी र दादागिरीपूर्ण हस्तक्षेपको संज्ञा दिएका छन् ।

सातवटा विभिन्न दलित मोर्चाहरूले संयुक्त रूपमा आज पुष २४ गते जारी गरेको विज्ञप्तिमा मादुरोको पक्षमा उभिने राज्य प्रशासक तथा भेनेजुएली जनतामाथि "धेरै नराम्रो हुनेछ" भनी अमेरिकी राष्ट्रपति ट्रम्पले दिएको धम्की सार्वभौम राष्ट्रमाथिको खुला चुनौती र अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन भएको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा अमेरिकी साम्राज्यवादले विश्वका विभिन्न देशहरूमा गर्दै आएको सैन्य हस्तक्षेप, सत्ता उल्ट्याउने षड्यन्त्र र प्राकृतिक स्रोतहरूमाथिको लुटको निरन्तरता नै भेनेजुएलामाथिको यो आक्रमण भएको ठहर गरिएको छ । यस प्रकारका कार्यहरूले विश्व शान्ति, जनअधिकार र विधिमा आधारित विश्व व्यवस्थामाथि गम्भीर खतरा उत्पन्न गरेको संयुक्त धारणा छ ।

दलित संगठनहरूले भेनेजुएला एक सार्वभौम तथा स्वाधीन राष्ट्र भएको स्मरण गराउँदै त्यहाँको शासन व्यवस्था, सरकार परिवर्तन तथा राजनीतिक निर्णय गर्ने सम्पूर्ण अधिकार भेनेजुएलाका जनतामै निहित रहेको बताएका छन् । कुनै पनि प्रकारको बाह्य हस्तक्षेप अस्वीकार्य रहेको उल्लेख गर्दै उनीहरूले राष्ट्रपति निकोलास मादुरो तथा प्रथम महिला सिलिया फ्लोरेसको अविलम्ब, बिना सर्त र सकुशल रिहाइको जोडदार माग गरेका छन् ।

विज्ञप्तिमा राष्ट्रिय स्वाधीनता, जनसत्ता तथा सामाजिक न्यायको रक्षाका लागि संघर्षरत भेनेजुएलाका देशभक्त जनता, श्रमिक वर्ग र उत्पीडित समुदायप्रति दरिलो ऐक्यबद्धता व्यक्त गरिएको छ । साथै नेपालमा समेत मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत हस्तक्षेप बढाउन खोजिएको सन्दर्भ उल्लेख गर्दै विश्वका उत्पीडित जनताको साझा शत्रु अमेरिकी साम्राज्यवादविरुद्ध एकताबद्ध संघर्ष गर्न देशभक्त, क्रान्तिकारी, श्रमिक, दलित तथा उत्पीडित समुदायहरूलाई आह्वान गरिएको छ ।

संयुक्त विज्ञप्तिमा श्रमिक समुदाय मोर्चा, नेपालका अध्यक्ष रामलाल सी, क्रान्तिकारी दलित मुक्ति मोर्चा, नेपालका संयोजक टेक बहादुर विश्वकर्मा, जात व्यवस्था उन्मूलन मोर्चा, नेपालकी महासचिव रूपा सुनार, एकीकृत दलित मुक्ति मोर्चा, नेपालका संयोजक कृष्ण सेवा, नेपाल राष्ट्रिय दलित केन्द्रका अध्यक्ष उपेन्द्र छटुन्जेल, दलित अधिकार मञ्च, नेपालका अध्यक्ष सुजन शहासंकर तथा जनपक्षीय दलित मोर्चाका अध्यक्ष देवराज विश्वकर्माको हस्ताक्षर रहेको छ ।

***विज्ञप्तिको पुर्णपाठ यसप्रका छः***

**भेनेजुएलामाथि अमेरिकी हस्तक्षेप बारे दलित संगठनहरुको संयुक्त विज्ञप्ति**

अमेरिकी साम्राज्यवादको नाइके डोनाल्ड ट्रम्पको निर्देशनमा ३ जनवरी २०२६ मा भेनेजुएलामाथि सैन्य आक्रमण गरी त्यहाँका निर्वाचित राष्ट्रपति निकोलास मादुरो तथा उनकी श्रीमति, प्रथम महिला सिलिया फ्लोरेसलाई गिरफ्तार गरी अमेरिका लगेर मुद्दा चलाउने, साथै भेनेजुएलामा अर्को व्यवस्था स्थापना नहुञ्जेलसम्म त्यहाँको सत्ता अमेरिकाले सञ्चालन गर्ने घोषणा गर्नु चरम साम्राज्यवादी, फासीवादी दादागिरीपूर्ण हस्तक्षेप हो । साथै मादुरोको पक्षमा उभिने राज्य प्रशासक तथा भेनेजुएली जनतामाथि "धेरै नराम्रो हुनेछ" भनी ट्रम्पले दिइएको धम्की सार्वभौम राष्ट्रमाथिको खुला चुनौती र अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन हो । राज्य आतङ्कको आडमा सञ्चालित अमेरिकी साम्राज्यवादवादी निन्दनीय हस्तक्षेपको हामी नेपालमा क्रियाशील क्रान्तिकारी दलित संगठनहरू संयुक्त रूपमा घोर निन्दा तथा भत्सना गर्दछौं ।

अमेरिकी साम्राज्यवादले विश्वका विभिन्न देशहरूमा गर्दै आएको सैन्य हस्तक्षेप, सत्ता उल्ट्याउने षड्यन्त्र र प्राकृतिक स्रोतहरूमाथिको लुटको निरन्तरता नै भेनेजुएलामाथिको यो आक्रमण हो, जसले विश्व शान्ति, जनअधिकार र विधिमा आधारित विश्व व्यवस्थामाथि गम्भीर खतरा उत्पन्न गरेको छ ।

भेनेजुएला एक सार्वभौम तथा स्वाधीन राष्ट्र हो, जहाँको शासन व्यवस्था, सरकार परिवर्तन तथा राजनीतिक निर्णय गर्ने सम्पूर्ण अधिकार भेनेजुएलाका जनतामै निहित छ र कुनै पनि प्रकारको बाह्य हस्तक्षेप अस्वीकार्य छ । यस सन्दर्भमा हामी सार्वभौम तथा स्वाधीन राष्ट्र भेनेजुएलाका राष्ट्रपति निकोलास मादुरो तथा उनकी श्रीमतिको अविलम्ब, बिना सर्त र सकुशल रिहाइको जोडदार माग गर्दछौं र राष्ट्रिय स्वाधीनता, जनसत्ता तथा सामाजिक न्यायको रक्षाका लागि संघर्षरत भेनेजुएलाका देशभक्त जनता, श्रमिक वर्ग र उत्पीडित समुदायप्रति हाम्रो दरिलो ऐक्यबद्धता प्रकट गर्दछौं ।

अतः नेपालमा समेत मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत हस्तक्षेप बढाउन तल्लिन विश्वका उत्पीडित जनताको साझा शत्रु अमेरिकी साम्राज्यवादविरुद्धको संघर्षमा एकताबद्ध हुन तथा भेनेजुएलाका जनताको पक्षमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता मजबुत बनाउन देशभक्त, क्रान्तिकारी, श्रमिक, दलित तथा उत्पीडित समुदायहरूलाई हार्दिक आह्वान गर्दछौं । क्रान्तिकारी अभिवादन सहित !

*मितिः २४ पुस २०८२*

*रामलाल सी*
*अध्यक्ष*
*श्रमिक समुदाय मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

*टेक बहादुर विश्वकर्मा*
*संयोजक*
*क्रान्तिकारी दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय सम्मेलन आयोजक समिति*

*रूपा सुनार*
*महासचिव*
*जात व्यवस्था उन्मूलन मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

*कृष्ण सेवा*
*संयोजक*
*एकीकृत दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

*उपेन्द्र छटुन्जेल*
*अध्यक्ष*
*नेपाल राष्ट्रिय दलित केन्द्र*
*केन्द्रीय समिति*

*सुजन शहासंकर*
*अध्यक्ष*
*दलित अधिकार मञ्च, नेपाल*
*केन्द्रीय समिति*

*देवराज विश्वकर्मा*
*अध्यक्ष*
*जनपक्षीय दलित मोर्चा*
*केन्द्रीय समिति*

# जीवनसाथी समालोचक ताराकान्तलाई अर्पित श्रद्धासुमन



● शीला योगी ●

दराजभित्र रहेका किताबहरू केवल कागजका पानाहरू मात्र हुँदारहेनछन् । ती एउटा सङ्कल्प, चेतना र विचारका मौन साक्षी पनि हुँदारहेछन् । आज तिनै मौन साक्षीहरूसँग मेरो जीवनसाथी ताराकान्त पाण्डेयलाई भेटिरहेकी छु - एक साधना, सर्मपण र वैचारिक निष्ठा । मानिसहरू भन्छन् समयले घाउ पुरिन्छ तर मलाई लाग्छ केही घाउ पुरिँदैन तिनले अर्थ दिन्छन् । उहाँको अभाव मेरो लेखनको एउटा शक्ति-आधार बनेको छ । मौन बनेको उहाँको रित्तताबाट शब्दहरू जन्मिन्छन्, तिनले अर्थ खोज्दै अन्ततः मेरो मनलाई सन्तोष र खुशी दिन्छन् । उहाँ हिँड्ने वैचारिक बाटो म एक्लैले हिँडिरहेको छैन । उहाँ मेरो शब्दमा हिँडिरहनु भएको छ र मेरो मौनतामा बोलिरहनु भएको छ ।

कोठाको दराजमा उहाँका हातले मिलाएर राखेका किताबहरू जस्ताको तस्तै छन् । अहिलेसम्म मैले तिनलाई छुन पनि यत्न गरेकी छैन । केवल बाहिरको सिसाहरू मात्र पुछ्ने गर्छु । हरेक पटक सफा गर्दा उहाँको अध्ययनको परकम्पन आउँछ । दुई वर्ष वितिसकेछ मैले उहाँको आवाज नसुनेको, तर दराजमा उहाँले मिलाइराखेका किताबहरूले मलाई निहारी रहन्छन् । उहाँको मौन उपस्थिति अझै बोलिरहेकोझैं लाग्छ । कहिले काहीँ लाग्छ त्यस दराजबाट एउटा किताब निकाल्दा पनि कतै उहाँको मुटु दुख्थ्यो कि ? उहाँका हातको स्पर्शको डाम मेटिन्छ कि भन्ने लाग्छ तर कति दिनसम्म रहन्छ र ! एक दिन त स्वीकार गर्नै पर्छ । दुई वर्ष वितिसकेछ यी दराजका किताबहरूलाई कहिल्यै नथाक्ने उहाँका हातले नछोएको अनि गहिरो आँखाले नहेरेको । यी किताब उहाँले समाजका लागि लेख्नुहुन्थ्यो, समाजका लागि पढ्नुहुन्थ्यो र समाजकै लागि बोल्नुहुन्थ्यो । त्यसको हिसाब किताब उहाँलाई नै थाहा थियो । यही याद आउँछ । मन भारी हुन्छ । आज त्यही किताबहरू उहाँ बिना मौन छन् ।

भावुक हुँदै मैले त्यस दराजबाट एउटा किताब निकाल्छु - त्यो उहाँले लेखेको 'अर्थको आन्नद' थियो । किताब पल्टाउँछु उहाँको लेखाइमा एकाग्रता, उहाँको अध्ययनशील जीवन ! एकाएक आँखा अगाडि आउँछ । अचानक मेरो आँखाको आँसु पढ्दै गरेको पानामा खस्न थाल्छन्, आँसुले भरिएको आँखाले अक्षरहरू पढ्न गाह्रो हुन थाल्छ, आँसु पुछ्दै आफुलाई सम्हाल्छु । एकछिन पछि मनले भन्छ म कम्जोर भएछु ! तर अर्को मनले प्रतिवाद गर्छ यो कम्जोरी होइन ! यो मोह पनि होइन, यो उहाँप्रतिको अगाध स्नेह, गर्व र आदरको आँसु हो । आफ्नै मनको स्थिर धरातलबाट आफू र आफ्नो वरिपरीको परिवेशमा केहीबेर हराएछु ।

मैले लेखेको कवितामा उहाँले दिएका स्पष्ट सुझावहरू आज मेरा लागि केवल स्मृतिको रूपमा मात्र बाँकी छन् । लेख्दै गरेको बेला उहाँका ती सिर्जनात्मक मार्गदर्शनको अभाव निकै खट्किन्छ र आफ्ना रचनाहरू अधुरा भएको अनुभूति हुन्छ । त्यतिबेला हुने गरेको उहाँ र मेरो बिचको साहित्यिक र वैचारिक संवाद अहिले आवाज विहिन भएता पनि आभास भइरहन्छ । यस्ता यादहरूले मलाई रोकेर राख्न खोज्छ तर म आफुलाई फेरि एउटा जिज्ञासु पाठकका रूपमा स्थापित गर्ने प्रयास गर्दै पुस्तक पठनतर्फ फर्किन्छु । पढ्दै पढ्दै जाँदा मैले चिनेको व्यक्तित्व देख्छु- एक इमान्दार, सशक्त र प्रतिबद्ध मार्क्सवादी समालोचक ताराकान्त पाण्डेय ।

'अर्थको आनन्द' पढदै गर्दा मैले पुस्तकभित्र मात्र होइन, आफ्नो मनभित्र पनि एउटा असाधारण व्यक्तित्व देखेँ ताराकान्त पाण्डेयलाई । उहाँ मेरा लागि अब केवल एक लेखक वा समालोचक मात्र रहनु भएन, एक जिवित विचार पनि बन्नु भएको छ । उहाँको चेतना उहाँका समालोचनाको शब्द शब्दमा मिसिएको वर्गीय पीडा, प्रगतिशील विचारले मलाई सचेत रूपमा जोडेर व्याख्या गर्ने कार्य विशेष गहिराइका साथ सम्पन्न गर्नुभएको अनुभूत हुन्छ । किनभने नेपालमा जनयुद्धका समय र शान्तिप्रक्रियाको समय एउटा संक्रमणकालीन समय थियो । साहित्यमा वर्गीय अर्थ र क्रान्तिकारी शक्तिको दृष्टिबाट अत्यन्तै महत्वपूर्ण समय थियो । देशभित्र गहिरो राजनीतिक उथलपुथल, विभिन्न अधिकारमुखी आन्दोलनहरू र सामाजिक रूपान्तरणको सङ्घर्ष चलिरहेको थियो । यस्तो अवस्थामा प्रगतिवादी समालोचकले युद्धकालीन कविता, कथा, लेखलाई केवल सौन्दर्यका आधारमा मात्र नभई तिनको वर्गीय अभिप्राय, जनमुखी उद्देश्य र राजनीतिक चेतनाका आधारमा मूल्याङ्कन गर्नुपर्ने आवश्यकता थियो । यसले गर्दा कवि, कथाकारहरूको वैचारिक र लेखन क्षमताको उचाइलाई स्थापित गर्न सहयोग पुगेको व्यक्तिगत अनुभूतिलाई नभई वर्गीय यथार्थलाई प्रतिनिधित्व गरिरहेको थियो । उहाँले यस्ता अभिव्यक्तिलाई समाजको वर्गीय संरचनासँग गाँसेर विश्लेषण र मूल्याङ्कन गर्नुभयो यसले केवल कवि र आख्यानकारलाई यस आन्दोलनमा उच्च राख्ने काम मात्र गरेन बरू उनका रचनाहरूलाई एउटा ऐतिहासिक, वैचारिक हिस्सा पनि बनाउन सहयोग पुगेको थियो । मार्क्सवादी दृष्टिकोणमा यस्तो समालोचना क्रान्तिको वैचारिक निरन्तरता पनि हो । यसरी उहाँले कला र साहित्यलाई जनताको पक्षमा उभ्याउने र इतिहासमा त्यसको स्थान सुनिश्चित गर्ने काम गर्नुभएको छ । उहाँले स्रष्टाहरूको रचनालाई व्याख्या मात्र गर्नुभएन सामाजिक रूपान्तरणका लागि योजना निर्माण गर्न अग्रगामी वैचारिक भूमिका निर्वाह गर्ने काम गर्नुभयो । यही वैचारिक प्रतिबद्धता र निरन्तर साधनाले उहाँलाई समय क्रममा साहित्यिक कृतिहरूको गहिरो अन्तरवस्तुलाई वर्गसङ्घर्षमा जोडेर सामाजिक चेतनाको तहलाई समय अनुसार गतिशील बनाउन सहयोग गर्छ । यसले गर्दा साहित्यिक कृतिहरू समाजको रूपान्तरण आन्दोलनका हतियारको रूपमा काम गर्छन् । मैले उहाँलाई यिनै आधारमा टेकेर एउटा गतिशील, सशक्त र दूरदृष्टिसम्पन्न मार्क्सवादी समालोचकका रूपमा पाएँ ।



उहाँका समालोचनामा आउने कविहरू आज मेरा लागि अविस्मरणीय छन् । म सम्झिन्छु कवि कृष्णसेन, पूर्णविराम, निभा शाह, विमल निभा, अनिल श्रेष्ठ, विनोद बिक्रम के.सी आदि । किनकि उहाँले समालोचना लेख्दै गर्दा कहिलेकाहीँ म पछाडि उभिएर उहाँले उल्लेख गरेका यी कविहरू र कविताका पङ्तिहरू पढ्ने गर्थें । उहाँले ती कविताको रूप, कला र सौन्दर्य पक्षलाई समाजको वर्गीय प्रेम र सम्बन्धसँग जोडेर त्यसको भावलाई उच्च मूल्य दिएको देख्थेँ । उल्लेख गरेका कवि र उनका कवितामा कविका अनुहार र व्यवहार भन्दा पनि कविताको कला सौन्दर्यमा मार्क्सवादी दृष्टि केन्द्रित भएको पाउँथे । कवि, आख्यानकार समालोचकप्रति आभारी होस् वा नहोस् । समालोचकलाई सम्मान गरोस् या नगरोस्, समवेदना होस् या नहोस् तर सच्चा समालोचकले कविताको भावलाई समाजमा यर्थाथ रूपमा चित्रण गर्नु उसको सतचरित्र हो । मैले उहाँलाई यही चरित्रको समालोचकका रूपमा पाएँ ।

पुँजीवादी व्यवस्थाले शोषितहरूको रगत चुसिरहेको छ । अहिलेको भूमण्डलीकरणमा युवाहरू जागिर र अध्ययनको प्रलोभनमा पुँजीवादी बजारमा विक्री भइरहेका छन् । गरीब मुलुकका युवाको ताकत र सिर्जनात्मकतालाई जागिर र अध्ययनको अवसरका नाममा नियन्त्रित मात्र होइन उनीहरूका सिर्जनात्मक क्षमतालाई नै मारिदिएको छ । कुनै पनि सिर्जना केवल सिर्जना मात्र होइन यसले समाजमा एउटा विचार तथा चेतनाको विकास पनि गर्छ । यस्ता चेतनाहरू आज पुँजीवादी व्यवस्थामा नाम र दामका लागि विक्री भए । स्रस्टाहरू कहिलेकाहीं सत्ता र त्यसको दमनको पक्षमा त कहिले काहीं विद्रोह र परिवर्तनको पक्षमा हुन्छन् । यही सन्दर्भमा जब कुनै प्रगतिशील तथा मार्क्सवादी समालोचकले सिर्जनाको गहिरो अध्ययन गरेर त्यसको आन्तरिक संरचना, विचारधारा, सौन्दर्य र त्यसले प्रभाव पारेको वर्गचेतनालाई उजागर गर्छ तब त्यो विश्लेषण सिर्जनाकारका लागि मार्गनिर्देशक बन्न सक्छ । समालोचकको उद्देश्य कुनै एक स्रस्टालाई स्थापित गर्नु मात्र होइन बरू सामाजिक चेतनाको विकास गर्नु पनि रहन्छ ।

हालको साहित्यिक परिवेशमा मार्क्सवादी लेखन भन्दा संसोधनवादको प्रभाव बढ्दै गएको देखिन्छ । यतिबेला मलाई आज भन्दा १५ वर्ष अगाडि संसोधनवादको तीब्र प्रभाव भएको बेला पूर्णविरामलाई कस्तो अनुभव भयो उहाँले लेखेको त्यो सन्दर्भ यहाँ उल्लेख गर्न सान्दर्भिक लाग्यो । पूर्णविरामलाई त्यो समय सौन्दर्य होइन, कुरूपता दृष्टिगोचर भएछ । उनले यस परिघटनालाई वैचारिक विचलनकै रूपमा ग्रहण गरे । (पाण्डेय, २०६८) पूर्णविरामको कवितालाई व्याख्या गर्दै भनिएको हो । म सम्झन्छु आज उनको कविता समाजमा जीवित बनेको छ । पाण्डेयले व्याख्या गरेको कवि पूर्णविरामको कविताको टुक्रा यहाँ सान्दर्भिक रहेको छ । *बाँकी ७ पेजमा*

पाठक बनाएर लेख्न सिकायो । ताराकान्तको रूप श्रमको पसिनाले चम्किएको अनुहार थियो । उहाँको चरित्र कृतिम आदर्शको आवरण थिएन, वर्गसङ्घर्षबाट निखिएको सत्य थियो । विचारमा अडिग, निष्ठामा दृढ र लेखनमा इमानदार हुनुहुन्थ्यो । साहित्यलाई उहाँले परिवर्तनको हतियार बनाउनु भयो । मार्क्सवादी दृष्टकोण उहाँको लेखनमा नारा बनेर होइन, चेतना बनेको अनुभव भयो । वर्गीय संरचनालाई सौन्दर्यपूर्ण र यथार्थलाई निर्भिक ढङ्गले उजागर गर्नु भएको अनुभव गरेँ ।

उहाँको वैचारिक निष्ठा कुनै अवसरवादी मोडतर्फ लागेन । समय बदलियो, सत्ता बदलियो तर ताराकान्त आफ्ना विचारमा विचलित हुनु भएन । यही उहाँको सबैभन्दा ठुलो परिचय बन्यो । साहित्य, समाज र सङ्घर्षलाई एकै साथमा राखेर हेर्नुभयो । 'अर्थको आनन्द'का पानाहरू पढ्दै जाँदा म उहाँको चेतनासँग संवाद गर्छु र उहाँका साहित्यमा वैचारिक विश्लेषणबाट प्रतिबद्ध बन्छु जो पढेर सकिँदैन जो पढेपछि सुरु हुन्छ ।

प्रगतिवादी समालोचकहरूले प्रगतिशील कविता, लेख र आख्यानको विश्लेषण तथा मूल्याङ्कन मात्र गरेर हुँदैन । तर उहाँले यस्ता सिर्जनालाई समग्र वर्गीय रूपान्तरणको ऐतिहासिक प्रक्रियासँग सुसङ्गत यर्थाथ पनि हो । यसै सन्दर्भमा जनयुद्धमा जन्मेका कवि, कथाकारका रचनाहरूमा केन्द्रित हुनुभन्दा पनि सुधारवादी चेतनाको विकासतिर जोडिएका आन्दोलन र बहसहरू पनि भइरहेको थियो र अहिले पनि नभएको होइन । यसले गर्दा एकातिर जनयुद्धका उपलब्धिहरूलाई जोगाएर देशमा आमूल परिवर्तनका लागि सङ्घर्ष गरिरहेकाहरूका लागि यो चुनौति थियो । देशको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनका लागि नेपाली जनताले ठूलो बलिदान दिएका थिए । उनीहरूको त्याग, सङ्घर्ष र आशाले भरिएको त्यो कालखण्ड केवल राजनीतिक परिवर्तनका लागि मात्र थिएन समाजको वर्गीय संरचना तोडेर नयाँ सत्ता र सम्बन्धहरू निर्माण गर्ने उद्देश्यका लागि थियो । तर अर्कोतिर बलिदानको अवमूल्यन गर्ने र क्रान्तिको मर्मलाई सुधारवादी मार्गतर्फ मोड्ने प्रयास पनि भइरहेको थियो । जसले आमूल परिवर्तनको आकाङ्क्षालाई कमजोर पार्ने रणनीति अङ्गालिरहेको थियो । यस्तो प्रवृत्तिलाई उहाँले बाहिरबाट मात्र होइन भित्री रूप अर्थात् नजिकबाट अध्ययन गर्नुभएको थियो । यस्तो संक्रमणकालीन अवस्थामा कवि र आख्यानकार तथा लेखकहरूको दृष्टिमा प्रकट भएका क्रान्तिको चेतना केवल र राजनीतिक परिवर्तनले कहिल्यै पनि वैचारिक रूपमा विचलित गर्न सकेन । उहाँ सदा नाम र दामका लागि बजारमा चर्चित हुने होडबाजीबाट टाढा रहनुभयो र आफ्नो निष्ठा र विचारमा आँच आउन दिनु भएन ।

उत्पीडित तथा सर्वहारावर्गको नेतृत्व अस्वीकार गर्ने प्रवृत्तिले यथास्थितिलाई नै स्थायित्व दिने काम गर्छ । यसले परिवर्तनको भाषा बोल्छ तर सत्ता र संरचनाको मूल स्वरूप भने जस्ताको तस्तै रहन्छ । यस्तो प्रवृत्तिले कला, साहित्यलाई बजारीकरण गर्न सहयोग पुऱ्याउँदै व्यक्तिवादी चरित्रको विकास हुन्छ र प्रचारप्रसार तथा लोकपृयतामा सन्तुष्ट हुन्छन् भन्ने मूल्याङ्कन उहाँको समालोचनामा देखिन्छ । साहित्यिक सिर्जनाको कला, भाषा, अन्तरवस्तुमा स्पष्ट विचलन देखिन्छ । उहाँले यस्ता प्रवृत्तिको नजिकबाट शुक्ष्म अनुभव मात्र होइन गहिरो अध्ययन पनि गर्नुभएको छ ।

मार्क्सवाद गतिशीलतामा आधारित हुन्छ । यसको मूलभुत स्वभाव नै गतिशीलता र ऐतिहासिक द्वन्द्वात्मकता हो । यसले समय, समाज, अर्थव्यवस्था र चेतनाको निरन्तर परिवर्तन प्रकृयालाई विश्लेषण गर्छ । मार्क्सवादी समालोचना पनि गतिशील हुन्छ र यसले समय, राजनीतिक परिवर्तनका

---

## ❑ यो साता कविता

### लडेर आउनेहरुले त ठगेर .....



❑ बलराम तिमिल्सिना

*लडेर आउनेहरूले त ठगेर हत्तु पारे यहाँ ,*
*ठगेरै आउने ठगहरूले कसरी देश बनाउछन ?*
*कुहेर झर्छन यी ठगहरू सिनो बनेर गन्हाउछन*
*ठगेर आउने ठगहरूले कसरी देश बनाउछन ?*
*कसरी देश बनाउँछन....?*

❖ ❖ ❖

*सत्ताको कुर्सी भन्ने कुरा अचम्मको हुने रहेछ*
*विनम्र मान्छेलाई पनि अह□रले छुने रहेछ*
*त्यागी तपस्वी योगी पनि भोगी बनेर सकिने रैछ*
*फलाम काट्ने फलाम पनि ढोड बनेर मक्किने रैछ*

❖ ❖ ❖

*नजितुन्जेल दिन्छु भन्छन जितेछी टाउको कनाउछन*
*ठगेर आउने ठगहरूले कसरी देश बनाउछन ?*
*कसरी देश बनाउछन..?*

❖ ❖ ❖

*खसीको टाउको देखाएर कुकुरको मासु बेच्छन त्यहाँ*
*भ्रष्टचारीको खुट्टा ढोग्छन सोझा सिधालाई हेप्छन् त्यहाँ*
*सोझो नि चोर्न खप्पिस बन्छ चोरको त कुरै के गर्नु र ?*
*कुकुरलाई मासु रूँघ्न लगाई ढुक्कले भर के पर्नु र ?*
*खानका काल आइहाले नि लुटेर मोज मनाउछन*
*ठगेर आउने ठगहरूले कसरी देश बनाउँछन*
*कसरी देश बनाउछन ..?*

❖ ❖ ❖

*चिनेकै ठग..हरूलाई विश्वास गर्ने कस्ता हामी ?*
*पटके ठगले ठग्न सक्ने सस्ता नि कति सस्ता हामी ?*
*गुहु र गोबर नछुट्याउने लाटा नि कति लाटा हामी ?*
*जसले नि ठग्न सकिहाल्ने कहिले हो बन्ने बाठा हामी ?*
*यस पाली पनि लटपट पारी क-कसले भोट हनाउछन*
*ठगेर आउने ठगहरूले कसरी देश बनाउछन?*
*कसरी देश बनाउछन ..?*

---

### शहर र अँध्यारो



❑ मोदनाथ मरहट्टा

*शहर झकमक पार्न*
*हरेकदिन निस्कन्छन् जुलुश*
*राता टोपिका*
*काला टोपिका*
*पँहेला दौरा सुरूवालका*
*शहरको अँध्यारो निखार्न ।*

*कुटो बोकेर शहरमा*
*ज्यामीहरु, श्रमिकहरु*
*रोप्छन् सुन्तलाको बेर्ना*
*मल दिन्छन्, बल दिन्छन्*
*हुर्किएपछि ज्यामिर बन्छ*
*अमिलो फल्छ*
*बादल फ्याँकेर सगरको*
*तेजिलो घाम पठाए पनि*
*धिपधिपे धमिलो बल्छ ।*

*अँध्यारोले थिचेको यो शहर*
*युगले मागे जस्तो*
*कालिगढको सीप लागेजस्तो*
*कहिल्यै सुन्दर देखिएन*
*शहरको पृथ्वी*
*बाङ्गो टिङ्गो*
*नाङ्गो बुङ्गो घुमेको छ*
*जुलुश हिँडेर शहरमा*
*काँचुली पटक पटक फाल्यो*
*अँध्यारो लगेर आर्यघाटमा बाल्यो*
*फेरि बैरियो त्यही बासी अँध्यारो ।*

*शहर घुर्छ घोरिन्छ रून्छ*
*त्यो अँध्यारोपना*
*उसलेमात्र फालेको होइन*
*कसैले पनि फालेको छैन*
*छर्लङ्ग देरखएकै छ नि*
*टुपिसम्म झ्याङ्गिएको निशा*
*नवउदारताको फोहोरी क्रिया*
*अलिकति दिल्लीबाट आउँछ*
*आधाउधि वाशिङ्टनले पठाउँछ*
*थेरैतिनो बेलायती सजाउँछ ।*

*पुराना तमसुकहरुमा*
*बाँधिएको छ टनटनी*
*त्यो गिदीको सिँहदरबार*
*नयाँ बनाइएको गृह घरबार*
*ओत लागेको पाली*
*तिरीज खाने बाली*
*जुलुश बोक्ने ढल्कु*
*टेकु, नख्खु बल्खु*
*सबै वर्णसङ्कर हुन*
*मलाई धुन खोज्छौभने*
*भोकाहरुको आरनमा जोत*
*मेरो भित्ता राम्ररी पोत ।*

## पुस...

सबै भेगका नेपाली जनताको अथक सङ्घर्ष, माओवादी जनयुद्ध, र संसदीय राजनीतिक दलहरूको संयुक्त जनआन्दोलन र मधेस केन्द्रित दलहरूको सङ्घीयताको आन्दोलन र हजारौंको शहादतको बलमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र, जो राजतन्त्रको सबै रूपलाई निषेध गरेर आएको हो। यस नेपालका निर्माता कुनै राजा वा राजाको सेना वा भारदारहरू होइनन्, जनता र जनता मात्र हुन्। जनताले यस गणतन्त्रमा गर्व गर्न सक्छन्। यो कुनै एकल राष्ट्र होइन, देश हो, बहुल राष्ट्रिय देश। राष्ट्र भन्दा धेरै धेरै माथिको देश, जसमा थुप्रै राष्ट्रियता, राष्ट्रिय भाषा र संस्कृतिहरू सहिष्णुतापूर्वक बस्छन्। यस कारण गणतन्त्रमा पनि पृथ्वीनारायण शाहलाई राष्ट्र निर्माता मान्नुको अर्थ नेपाली जनताको सौर्य, सङ्घर्ष, त्याग र बलिदानलाई अवमूल्यन गर्नु हुनेछ। जनताको साझा इतिहासलाई बिर्सनु हुनेछ।

युद्ध जितेर विस्तार गरेको इतिहासको आधारमा राष्ट्र निर्माता मान्ने हो भने उनीभन्दा शताब्दिऔँ अगाडी केन्द्रीकृत सामन्ती शासनको सुरुआत गर्ने लिच्छवी शासकहरू, नेपालको राज्यको सीमा गङ्गाको सीमासम्म पुऱ्याउने, इतिहासमा भनिएका भास्कर वर्मन (बर्मा)हरू पनि राष्ट्र निर्माता हुन सक्छन्। किनभने उनीहरूले राज्य विस्तार र सांस्कृतिक राष्ट्रको सुरुआत गरेका थिए।

ऐतिहासिक यथार्थ के हो भने पृथ्वीनारायण शाहले तरबारको बलमा हालको नेपालको सीमाभित्र बसेका विविध सांस्कृतिक समुदायहरूलाई जितेर गोरखाली शाहवंशीय केन्द्रीकृत र विस्तारित गोरखा राज्यको निर्माण गरेका थिए। हाल पृथ्वीनारायण शाहको मूल्याङ्कन गर्दा उनी इतिहासका महत्वाकाङ्क्षी, चतुर र कुशल योद्धा शासक भन्दा बढी होइनन्। यो भन्दा बढी अतिरञ्जित हुनेछ। पञ्चायतकालीन इतिहासकारहरूले यही गरे।

वर्तमानमा पुराना चरित्रको राजनीतिक शक्ति र समुदाय वर्तमान सत्ताका शासक वर्गको बेइमानी र गैरजनवादी चरित्रको कारण उत्पन्न राजनीतिक तरलताको मौका छोपेर पुरानो राष्ट्रको वकालत गरिरहेको छ। उही हिन्दू उच्च जातीय शाहवंशीय खस अहङ्कारवादी राष्ट्रको एकल र सङ्कीर्ण परिभाषा, उही दौरा सुरुवाल र टोपीलाई राष्ट्रिय पोशाकको विभूषण, उही नेपाली भाषा (परिमार्जित खस भाषा विशिष्ट)को वर्चस्वकारी महिमागान। त्रासदी के छ भने ती पुरानो राष्ट्रको गर्वमा आधुनिक गणतन्त्र नेपालका शासकवर्ग पनि अभिभूत भएको देखिन्छ। यस गणतन्त्रमा सबै संस्कृति, भाषा, पोशाक र पहिचान नेपाली हो र यस साझापनाको बोध र गर्व नै सङ्घीय गणतन्त्रको मर्म हो।

पुरानो राष्ट्रको वकालत गर्नेहरू राष्ट्रिय एकता र पृथ्वीनारायण शाहलाई मिसमास पारिरहेका छन्। उनीहरू पृथ्वीनारायण शाहको जन्मदिनलाई पञ्चायतकाल र बहुदलीय संवैधानिक राजतन्त्रकालमा मनाएझैँ अहिले पनि पुस २७ गतेलाई राष्ट्रिय एकता दिवसको रूपमा व्याख्या गरिरहेका छन्। तर पुस २७ गते, राजतन्त्र र शाहवंशीय शासन सत्तामा गर्व गर्नेहरूको निम्ति राष्ट्रिय एकता दिवस हुन सक्छ, जनताको सर्वोच्चता स्वीकार गर्नेहरूको निम्ति हुन सक्दैन। बरू यस दिनले अन्य सांस्कृतिक समुदायको पहिचान र संस्कृति गुमेको दुःख स्मरण गराउँछ।

यस गणतन्त्रमा एकता दिवस गणतन्त्र घोषणा भएको दिनलाई मनाउनु ठिक हुन्छ। जुन दिन इतिहासमा जनताको सर्वोच्चता स्थापना भयो र सबै समुदायको संस्कृतिको पहिचान समान हैसियतमा स्वीकारियो। सङ्घीय गणतन्त्र राजनीतिक व्यवस्था मात्र होइन, जनताको संस्कृति पनि हो। अहिले विविध कोणबाट यसै जनताको संस्कृतिमाथि आक्रमण गरिँदैछ र इतिहासमा जनताको भूमिकालाई ओझेलमा पार्ने कुप्रयत्न हुँदैछ। विचार गरौं, आधुनिक नेपालको निर्माता कुनै राजा होइन, जनता हो भनेर ठोकुवा भन्न सकिन्छ। जनता जिन्दावाद !

## केन्द्रीय...

खोटाङ, उदयपुर, सोलु, रौतहट, चितवन, रामेछाप, भक्तपुर, नवलपुर, कैलाली, बझाङ, बाजुरा, कोरिया, हङकङ, युरोप, मलेसिया, कतार, युएइमा संयोजनको काम गर्ने, नेकपा (जनपक्ष)ले झापा, धनकुटा, मकवानपुर, अर्घाखाँची, हुम्ला, दार्चुलामा संयोजन गर्ने, नेकपाले मोरङ र ललितपुर र समाजवादी कम्युनिस्ट पार्टीले पाल्पा, जाजरकोटमा संयोजनको काम गर्ने गरी कार्यविभाजन गरिएको छ।

त्यसंगरी माघ २ गते गरिने अन्तरक्रिया कार्यक्रमका लागि स्थान र कार्यक्रमको नेतृत्व गर्ने नेताहरूको पनि कार्यविभाजन गरिएको छ। प्राप्त जानकारी अनुसार इटहरि : ऋषि कटेल, जनकपुर : धर्मेन्द्र बास्तोला, सिमरा : रामसिंह, चितवन : आहुति, पोखरा : वसन्त बोगटी, बुटवल : सन्तबहादुर नेपाली, नेपालगंज : समरसिंह, सुर्खेत : दिपक चलाउने आदि तोकिएको छ। अन्य ठाउँ र नेतृत्व तोक्न बाँकी रहेको पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको हेडक्वार्टरले जानकारी दिएको छ।

***संयुक्त संघर्ष समितिको अपिल : अवस्था फेर्न व्यवस्था फरौं***

'अवस्था फेर्न व्यवस्था फेरौं' भन्दै आम श्रमजीवी जनतामा एक अपिल जारी गरेको छ। 'अवस्था फेर्न व्यवस्था फेरौं !,आम नेपाली जनताको प्रतिनिधित्व गर्ने स्वाधीन संयुक्त जनसरकार र जनसंविधान सुनिश्चित नगरी यथास्थितिमा हुने निर्वाचन बहिष्कार गरौं !!' भन्ने मूल नराका साथ जारी गरिएको अपिलमा भनिएको छ,

"भाद्र २३ र २४ को जेन जी विद्रोह पछिको नेपालको राजनैतिक स्थितिमा अहिले नयाँ मोड आएको छ। त्यस विद्रोहको मुख्य कारण २०६२ मंसिरमा कांग्रेस, एमाले लगायतका दलहरूका प्रमुख नेतृत्व र तत्कालीन नेकपा (माओवादी) को नेतृत्व बीच दिल्लीमा भएको १२ बुँदे सम्झौताको जगमा स्थापित पुरानो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यसका दलाल तथा नोकरशाही पूँजीपति वर्गका शासकहरू र विदेशी प्रतिक्रियावादीहरूले आम नेपाली जनताका जनजीविका, जनतन्त्र र राष्ट्रियताका समस्याहरू समाधान गर्न नसक्नु हो। कांग्रेस, एमाले र तत्कालीन माओवादीको बहुसंख्यक नेताहरूको दलाल तथा नोकरशाही पूँजीपति वर्गमा वर्ग परिवर्तन हुनु र यसका बहुसंख्यक कार्यकर्ताहरू पनि त्यस वर्गको चाकर तथा अनुयायीहरूमा वर्ग परिवर्तन हुनुले २०६३ देखि २०८२ सम्म सरकार र सत्तामा हालिमुहालि चलाएका यी ३ दल तथा त्यसका प्रमुख नेताहरूका विरूद्ध जन आक्रोश विस्फोट हुनु स्वभाविक थियो। भदौ २३ र २४ को जेन जी विद्रोहले अभिव्यक्त गरेको परिवर्तनको आकांक्षा र नेपाली जनताले लामो समय देखि नयाँ अग्रगामी राजनीतिक व्यवस्थाका निम्ति गर्दै आएको पहलकदमीको आधारमा बहुसंख्यक जनताको हित गर्ने जनपक्षीय राजनीतिक व्यवस्था स्थापना गर्नु जनआकांक्षा हो।

जनताको पक्षमा सुशासन, भ्रष्टाचार नियन्त्रण र तीब्र गतिमा आर्थिक क्रान्ति गर्दै स्वदेशमै लाखौ संख्यामा रोजगारी श्रृजना गर्नु आम नेपाली जनताको मुख्य माग हो। केन्द्रीय संयुक्त संघर्ष समिति जनताको यही का पुरा गर्न नयाँ जनपक्षीय र देशभक्तिपूर्ण राष्ट्रिय सहमतिका लागि हार्दिक अपिल गर्दछ। वर्तमान प्रधानमन्त्री र राष्ट्रपति तथा अमेरिकी साम्राज्यवाद र भारीतय प्रतिक्रियावादी शासक वर्गले नेपालमा जेन जी विद्रोहमा अभिव्यक्त जनताका जायज मागहरूलाई अपहरण गरेर दलाल तथा नोकरशाही पूँजीपति वर्ग र साम्राज्यवादको सेवा गर्ने पुरानै जनविरोधी अर्थ राजनैतिक प्रणाली ९व्यवस्था० लाई फागुन २१ को चुनाव मार्फत नयाँ रूपमा पुनस्थापना गरी आम नेपाली जनतामाथि नयाँ र पुराना दलाल तथा नोकरशाही पूँजीपतिहरूको शासन लाद्ने षडयन्त्र गरिरहेका छन। यस षड्यन्त्रलाई असफल पारिएन भने पुरानै जनविरोधी राजनीति र पुरानै जनविरोधी अर्थनीतिले नयाँ रूप रंगमा नेपाली जनतामाथि शासन गर्नेछ र राष्ट्रियता समेत खतरामा पर्ने हुन सक्दछ। केन्द्रीय संयुक्त संघर्ष समिति र त्यसको समर्थनमा उभिने सबै दल त्यसको घोर भर्त्सना गर्दछौं।

दलाल तथा नोकरशाही पूँजीपति, ठूला भगौडा पूँजीपति र विदेशी पूँजीपतिहरूको सेवा गर्ने सरकार, सत्ता, राजनैतिक प्रणाली, अर्थनीति र चुनावी प्रणाली सबै यथावत राखेर यथास्थितिमा गरिने चुनावले देश र जनताका शत्रु वर्ग कै सेवा गर्ने प्रष्ट छ। त्यस्तो चुनावमा न त पुराना ञशासक संसदीय दलहरूको पूर्ण पराजय सम्भव छ, न त हौवा फैलाइए जस्तो नयाँ दलाल तथा नोकरशाही पूँजीपति वर्गको दल कै दुई तिहाई बहुमत आउने सम्भावना रहन्छ। संसदीय चुनाव लड्न करोडौं खर्च गर्नुपर्ने चुनावी प्रणालीमा गरिब मजदुर, किसान र मध्यम वर्गले बहुमत जित्न असम्भव छ। जनताको पक्षमा लड्ने र जनताको पक्षमा काम गर्ने पार्टीहरूले दुई तिहाई ल्याएर चुनावी माध्यमबाट जनताको पक्षमा संविधान बनाउने र जनताको सरकार बनाउने भन्ने कुरा असम्भव छ।

यथास्थितिमा गरिने चुनावले पुराना दलाल तथा नोकरशाही पूँजिपति वर्गका ुश्री ३ हरू र त्यसको नेतृत्वमा रहेको दलालहरूको ठाउँमा नयाँ अनुहारका दलाल तथा नोकरशाही पूँजीपति वर्गको सरकार त बन्न सक्छ तर आम नेपाली जनताको वास्तविक प्रतिनिधित्व गर्ने सरकार बन्न असम्भव छ। तसर्थकेन्द्रीय संयुक्त संघर्ष समिति यो आव्हान गर्दछ कि देश र जनताको पक्षमा नयाँ अग्रगामी राष्ट्रिय सहमति कायम गरेर जनताको स्वाधीन संयुक्त जनसरकार र जनसंविधान बनाएर मात्रै जनताको वास्तविक प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाको चुनाव हुन सक्दछ। यो नै सही बाटो र सही विकल्प हो। तसर्थ आगामी फागुन २१ को कथित चुनाव खारेज गरी अग्रगामी न्यूनतम राष्ट्रिय सहमति कायम गर्न संवादको थालनीको लागि अपिल गर्दछौं। यदि सरकारले यस आग्रहलाई अस्वीकार गर्दै यथास्थितिमा चुनाव गराउने तिर लाग्छ भने त्यस्तो जनविरोधी यथास्थितिवादी चुनाव बहिष्कार तथा खारेज गर्न सबै जनसमुदायमा आव्हान गर्दछौं।

हामी जोडदार माग गर्दछौं कि जनताको स्वाधीन संयुक्त जनसरकार गठन र जन संविधान सुनिश्चित गर्ने अग्रगामी राष्ट्रिय सहमति कायम नगरी यथास्थितिमा कुनै पनि निर्वाचन नगरियोस। साथैकेन्द्रीय संघर्ष समिति, त्यसमा आबद्ध दल, त्यस नजिकका जन संगठन र वर्गीय संगठन तथा समस्त उत्पीडित नेपाली जनताले उठाएका मागहरू जस्तैः विदेशमा रहेका ५० औं लाख नेपालीको मताधिकार सुनिश्चित नगरी, मजदुर किसान, अर्ध बेरोजगार र बेरोजगारका समस्या समाधान हुने संवैधानिक व्यवस्था नगरी, मिटरब्याज, सहकारी एवं समग्र वित्तीय क्षेत्रबाट पीडित जनताका समस्या समाधान नगरी, सुकुम्बासी एवं प्रकृति पीडितका समस्या समाधान नगरी, आम जनताका लागि निशुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था नगरी, ट्याक्सी, बस, ढुवानी मजदुर एवं व्यवसायीका समस्या समाधान नगरी, राष्ट्रिय औद्योगिकरणको नीति तय नगरी, नेपाली सेना, नेपाल प्रहरी र बहिगर्मित जनमुक्ति सेनाका समस्या समाधान नगरी र समग्रमा देशको राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र समृद्धि सुनिश्चित हुने संवैधानिक व्यवस्था नगरी यथास्थितिमा गरिने चुनावलाई बहिष्कार एवं खारेज गर्नकेन्द्रीय संयुक्त संघर्ष समिति आम नेपाली जनतामा हार्दिक अपिल गर्दछ।

*केन्द्रीय संयुक्त संघर्ष समिति*
*क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल,*
*नेकपा (बहुमत),*
*वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल,*
*नेकपा,*
*नेकपा (जनपक्ष),*
*समाजवादी कम्युनिस्ट पार्टी, नेपाल*
*२०८२ पुस २५*

## नवलपरासीमा...

तीन सदस्सीय संयुक्त संर्घष समिति नवलपरासी गठन गरिएको जनाएका छन्। नव गठित संयुक्त संर्घष समितिमा हाल तीनवटा पार्टीका जिल्ला नेतृत्व सम्मिलित रहेको र आन्दोलनको आवश्यकता र घटक दलहरूको सहमतिमा संर्घष समिति विस्तार समेत हुन सक्ने संयोजक पाण्डेयले जानकारी दिए।

उक्त मोर्चामा क्राकपा नेपाल ,नेकपा(बहुमत), समाजवादी कम्युनिष्ट पार्टी नेपाल, बैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, नेकपा(जनपक्ष) र नेकपा सहभागी छन्। तीन दलका जिल्ला नेतृत्वले जारी गरेको संयुक्त प्रेस बक्तब्यमा क्रान्तिकारी कम्युनिष्ट पार्टीको तर्फबाट युवा नेता समेत रहेका जिल्ला सेक्रेटरी रवि पाण्डेय, नेपाल कम्युनिष्ट पार्टी (बहुमत)को तर्फबाट केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज मणि र समाजवादी कम्युनिष्ट पार्टी नेपालको तर्फबाट केन्द्रीय सदस्य तथा जिल्ला संयोजक छम बहादुर गुरुङले हस्ताक्षर छ। उक्त संयुक्त बक्तब्यमा पुस २७ गते पर्चा वितरण तथा प्रचार प्रसार, पुस २८ गते पालिकास्तरको मशाल जुलुस , माघ २ गते अन्तरक्रियामा सहभागी हुने र माघ ५ गते जिल्लाब्यापी बिरोध प्रर्दशन लगायतका आन्दोलनका कार्यक्रम समाबेश छन्। पहिलो चरणका कार्यक्रम सकेर थप कार्यक्रम सार्वजनिक गर्ने संयुक्त संर्घष समिति नवलपरासीले जनाएको छ।

## फागुन...

पैदा गर्न डिजाइन गरिएको फागुन २१ को चुनाव गर्न लागिएकोले यो चुनाव जुनसुकै हालतमा हुन नदिनका निम्ति निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने पनि दावी गर्नुभयो।

अर्का वक्ता वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल आहुतिले भेनेजुएलाको पक्षमा बोल्नुको अर्थ नेपालको स्वाधीनता र सार्वभौमसत्ताको रक्षाको पक्षमा लड्नु हो भन्दै नेपालको नदीनाला सिध्याउन एमसीसी आएको दावी गर्नुभयो। रणनीतिक रूपमा नेपालको भूमि प्रयोग गर्न एसपीपी ल्याउन लागिएको भन्दै उहाँले त्यसका विरुद्ध लड्नु पनि भेनेजुएलाको पक्षमा लड्नु भएको स्पष्ट पार्नु भयो। उहाँले भन्नुभयो, "देशको दलाल पुँजीवाद विश्व साम्राज्यवादको आडमा नेपाल र नेपाली जनतालाई लुट्न आइपुगेको छ। आज संसारभर देखापरेको साम्राज्यवादविरोधी लडाइँमा हामी पनि नेपालबाट ठिङ्ग उभिएका छौं। र, अहिलेको हाम्रो कार्यभार फागुन २१ को निर्वाचनलाई सशक्त रूपमा बहिस्कार गर्नु रहेको छ।"

त्यसैगरी अर्का वक्ता नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलले साम्राज्यवाद विरोधी संघर्ष भनेको नेपालको स्वाधीनता र जनतन्त्रका लागि लड्नु भएको भन्दै यो कठुपुतली सरकारको चुनावको भ्रम खारेजी गर्दै नेपालमा स्वाधीन सरकार निर्माणका निम्ति अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताउनु भयो। संघर्षलाई थप उचाइमा पुऱ्याउनका निम्ति तथाकथित चुनाव सशक्त रूपमा बहिस्कार गर्नुपर्ने धारणा पनि व्यक्त गर्नुभयो।

अर्का वक्ता नेकपाका अध्यक्ष लोकनारायण सुवेदीले निकासबिनाको चुनावको कुनै अर्थ र औचित्य नरहेको भन्दै चुनावको लफडामा नलागी साम्राज्यवादी षड्यन्त्रका विरुद्ध राष्ट्रिय स्वाधीनताको दिशामा सशक्त रूपमा अगाडि बढ्न सबै कम्युनिस्ट क्रान्तिकारीहरू एकजुट भएर अगाडि बढ्नुपर्ने बेला आएको बताउनु भयो। उहाँले भन्नुभयो, "अहिलेको निकास भनेको स्वाधीन राष्ट्रिय सरकार हो।" त्यसबाट जन संविधान निर्माणको दिशामा अगाडि बढेर मात्रै देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा गर्न सकिने र जनताको वास्तविक व्यवस्था स्थापित गर्न सकिने धारणा राख्नुभयो।

त्यसैगरी नेकपा (जनपक्ष)का नेता बसन्त बोगटीले सरकारले आयोजना गरेको चुनाव अलोकतान्त्रिक रहेको भन्दै यस्तो चुनावी नौटंक बन्द गर्न चेतावनी दिनुभयो। उहाँले अब सत्ता क्रान्तिकारी जनताको हातमा आउनुपर्ने पनि दावी गर्नुभयो।

कार्यक्रमको सञ्चालन क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालकी नेतृ शारदा महतले गर्नुभएको थियो। कार्यक्रमा सातवटै कम्युनिस्ट घटकका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

## भेनेजुएलामाथि...

मदुरो दम्पत्तिको अपहरणका विरुद्ध विरोध प्रदर्शन गरिएको छ।

माइतीघर मण्डलामा गरिएको विरोध प्रदर्शनलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरव, नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोला, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल आहुति, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदी, नेकपा (जनपक्ष)का नेता बसन्त बोगटी लगायतले अमेरिकी साम्राज्यवादले भेनेजुएलाको स्वाधीनता र सार्वभौमिकताका विरुद्ध गरेको सैन्य आक्रमण र राष्ट्रपति मादुरो दम्पत्तिको अपहरणको घोर निन्दा एवम् भर्त्सना गर्नुभएको छ। र, राष्ट्रपति मादुरो दम्पत्तिलाई तत्काल सकुशल रिहाइ गर्न जोडदार माग गर्नुभएको छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालकी पोलिटब्यूरो सदस्य तथा महिला नेतृ शारदा महतले सञ्चालन गरेको कार्यक्रममा अमेरिकी साम्राज्यवाद मुर्दावाद, अमेरिकी साम्राज्यवाद-भेनेजुएला छोड, भेनेजुएलाको स्वाधीनताको लडाइँप्रति ऐक्यबद्धता जाहेर गरौं लगायतका नारा लगाइएका थिए। सोही नारा लेखिएका प्लेकार्डहरूको प्रदर्शन गरिएको थियो।

प्रदर्शनमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (जनपक्ष), दईवटा नेकपा र समाजवादी कम्युनिस्ट पार्टी नेपाल लगायतका पार्टीहरूका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

## राष्ट्रपति...

सार्वभौमिकताका विरुद्ध गरेको सैन्य आक्रमण र राष्ट्रपति मादुरो दम्पत्तिको अपहरणको घोर निन्दा एवम् भर्त्सना गर्नुभएको छ। र, राष्ट्रपति मादुरो दम्पत्तिलाई तत्काल सकुशल रिहाइ गर्न जोडदार माग गर्नुभएको छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालकी पोलिटब्यूरो सदस्य तथा महिला नेतृ शारदा महतले सञ्चालन गरेको कार्यक्रममा अमेरिकी साम्राज्यवाद मुर्दावाद, अमेरिकी साम्राज्यवाद-भेनेजुएला छोड, भेनेजुएलाको स्वाधीनताको लडाइँप्रति ऐक्यबद्धता जाहेर गरौं लगायतका नारा लगाइएका थिए। सोही नारा लेखिएका प्लेकार्डहरूको प्रदर्शन गरिएको थियो।

प्रदर्शनमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (जनपक्ष), दईवटा नेकपा र समाजवादी कम्युनिस्ट पार्टी नेपाल लगायतका पार्टीहरूका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

## जीवनसाथी...

*हिटलरलाई सलाम गर्नेहरू*
*अब जतिसुकै भाषण गर*
*म मूर्च्छित हुन्न*
*मूर्छामा देखिएका नक्कली मार्क्सहरू*
*मलाई अब मूर्दा पार्न सक्दैनौ*
*म व्युँझेको छु नक्कली मार्क्सहरू*

कविको निष्ठा विचारप्रति अचल छ। कवि अलमलमा परे पनि, कवि हराए पनि पुँजीवादले मार्क्सवादको अस्तित्व छैन भनेर हल्ला मचाइरहेको बेला कवि र मार्क्सवाद दुबैले यसको विरुद्धमा प्रतिरोध गरेको यर्थाथ हो (पाण्डेय, २०६८) यो सन्दर्भ आज पनि उत्तिकै ससक्त भएको देखिन्छ। कविको वैचारिक विचलनको अनुमान प्रगतिवादी समालोचकले गर्न सक्दैन। कवि वा स्रष्टा चाहे पलाएन हुन् वा समर्पणहिन हुन् उसले लेखेको सिर्जना तुरुन्तै मर्दैन। सिर्जना ऐतिहासिक पाठ हो जसले समयको चेतना बोकेको हुन्छ। त्यसैले लेखक यस विचारबाट टाढा भएपनि वा लेखकले यो यथार्थ बुझ्दैनन् भने वा टाढा हुन्छन् भने उसले सिर्जना गरेको विचार समाजमा बाँचिरहन्छ। तर त्यसलाई समाजमा अर्थ दिन, समयको सन्दर्भमा जोड्न र सामाजिक रूपान्तरणको आन्दोलनसँग जोड्न प्रगतिवादी तथा मार्क्सवादी समालोचकको निर्णायक भूमिका रहेको हुन्छ। यो प्रगतिवादी तथा मार्क्सवादी समालोचकको इमान्दारिता हो र यस्तो इमान्दारिता र भूमिका मार्क्सवादी समालोचक ताराकन्त पाण्डेयले निभाएको कुरा उहाँले लेखेको 'अर्थको आनन्द' पढेर अनुभव गरेँ र यहाँ प्रस्तुत गर्न सान्दर्भिक ठानेँ।

स्रस्टाको मूल्याङ्कन अर्थात् उसको भाषा, शैली, कौशलता र नवीनतामा मात्र सीमित हुँदैन। जब समालोचकले स्रस्टाको रचनालाई वैचारिक तथा मार्क्सवादी आलोकमा राखेर विश्लेषण गर्छ, तब त्यो मूल्याङ्कनले स्रस्टालाई सामाजिक वर्गसंरचनासँग जोडिदिन्छ। मार्क्सवादी विचारले साहित्यलाई आत्मकेन्द्रित होइन सामाजिक रूपान्तरणको एउटा साधन ठान्दछ। उहाँले स्रस्टाको रचनाभित्र भएका शुक्ष्म वर्गचेतना, प्रतिरोधको स्वर वा शोषण विरुद्धको भावना उजागर गर्नुभयो। तब ती रचना केवल रचना मात्र होइन एउटा आन्दोलनको दस्तावेज बन्न पुग्छ। यस्तो अवस्थामा स्रस्टाको सामाजिक मूल्य वृद्धि हुँदै जान्छ। मार्क्सवादी स्रस्टाको भावलाई समाजका श्रमजीवी वर्गसँग सिर्जनात्मक र वैचारिक ऐक्यबद्धताको कार्य गर्ने काम उहाँको समलोचनाले गरेको पाइन्छ। यसैकारण वर्गीय प्रेम बढ्दै र गहिरिँदै जान्छ। यस अवस्थामा केवल समाजसँग मात्र होइन स्रस्टा र मार्क्सवादी समालोचकका बिचमा पनि वर्गीय प्रेम त्यसरी नै बढ्दै जान्छ र यो हुनुपनि पर्छ। यही हो वैचारिक निष्ठा र वर्गीय ऐक्यबद्धता। यसै सन्दर्भमा मार्क्सवादी समालोचक ताराकान्त पाण्डेयको सम्झना आउँदा उहाँले आफ्ना समालोचनामा उल्लेख र व्याख्या गरेका सिर्जना र स्रष्टाहरूको व्याख्या र विश्लेषणले केवल स्रष्टाहरूलाई स्थापित गर्न सहयोग मात्र गरेन बरू उहाँको वैचारिक योगदानले वर्गीय आन्दोलनलाई थप सबल, गतिशील र प्रभावकारी बनाउने महत्वपूर्ण भूमिका खेलेको छ।

नयाँ उदारवाद, आधुनिकीकरणको प्रभाव साहित्यमा पनि परेको देखिन्छ। अनेकौं वैचारिक विचलन र अन्योलताबाट समाज गुज्रिरहेको बेला अर्कोतिर पुँजीवादी बजारको प्रभाव, सामाजिक सञ्जाल, संचार माध्यमहरूको वर्चश्व र सांस्कृतिक उपभोक्तावादले सिर्जनात्मक चेतनालाई खण्डित गरिदिन्छ।

आजका धेरै सिर्जनशील युवा नाम र पैसाका पछाडि दौडिदै यस पुँजीवादी संरचनाभित्र आफ्ना क्षमता, सिर्जनाहरू बेच्न बाध्य छन्। यो उनीहरूको आफ्नो चाहना होइन अर्थतन्त्र, शिक्षा र चेतनाको नाममा निर्माण गरिएको प्रणालीको परिणाम हो। यसले उनीहरूलाई वैचारिक दृष्टिकोण भन्दा उपभोग, प्रतिस्पर्धाको संस्कारमा बाँधिदिएको छ। सामुहिक परिवर्तन र विकास भन्दा पनि व्यक्तिगत सफलतालाई प्राथमिकता दिन्छ। अर्कातर्फ सांस्कृतिक आन्दोलनहरू सामाजिक रूपान्तरणका लागि भन्दा पनि व्यक्तिगत पहिचान, व्यक्तिगत स्वार्थ आत्म प्रदर्शनमा केन्द्रित हुनेतिर उन्मुख देखिन्छ। यस्ता बिकृतिहरूले साहित्य सिर्जनामा पनि गहिरो प्रभाव पार्दैछन्। मार्क्सवादी समालोचकले यस्ता विकृतिहरूको अध्ययन गरी वैचारिक र कमजोर पक्षहरूको पहिचान गरेर वर्गसङ्घर्षको आन्दोलनसँग जोड्ने काम गरेको हुन्छ। यसप्रकारको प्रवृत्ति र परिवेशको बारेमा गरेको उहाँको शुक्ष्म विश्लेषणले वैचारिक धारणा स्पष्ट गर्न ठुलो योगदान पुऱ्याएको पाइन्छ।

यही कुराहरूलाई पढ्दै बुझ्दै वर्ग चेतनाको 'अर्थको आनन्द'का पानाहरू बन्द गरेँ, तर मेरो मन भने बन्द छैन। तिमी खुलेर बसिरहेका छौ ताराकान्त मेरो मनभित्र ! स्मृतिभित्र ! जिन्दगीमा कहिल्यै नसोचेको त्यो पल पनि आउँदो रहेछ जहाँ आफ्नो जीवनसाथीको लागि श्रद्धाञ्जली तथा श्रद्धासुमन लेख्नुपर्ने कठोर क्षणसँग सामना गर्नुपर्ने। केवल जीवनसाथीको रूपमा मात्र होइन तिमीले मलाई एक सचेत सहयात्रीको रूपमा पनि रुचाएका थियौ। लेख्नका लागि साधना चाहिन्छ, जीवनका सत्यहरू स्वीकार गर्न सक्नुपर्छ भन्ने तिमीले सिकाएका थियौ। यही चेतना लिएर म बाँकी जीवनलाई सार्थक र सफल बनाउने दृढ सङ्कल्प गर्दै तिमीले देखाएको विचारमा कलम चलाई रहेकी छु, बस ! यही मेरो प्रेम हो, यही मेरो श्रद्धासुमन हो तिम्रो लागि !

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

## आलोपालो

# पुस २७ बारे एक चर्चा



● रोशन जनकपुरी ●

**वर्तमान गणतन्त्र नेपाल त झन सर्वथा भिन्न छ । यो, हिमाल, पहाड, मधेश, सबै भेगका नेपाली जनताको अथक संघर्ष, माओवादी जनयुद्ध, र संसदीय राजनीतिक दलहरूको संयुक्त जनआन्दोलन र मधेस केन्द्रित दलहरूको संघीयताको आन्दोलन र हजारौंको शहादतको बलमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र, जो राजतन्त्रको सबै रूपलाई निषेध गरेर आएको हो ।**

एक पटक फेरि राष्ट्र निर्माता र पृथ्वीनारायण शाहको बहस सुरू भएको छ। के वर्तमान नेपालको निर्माता पृथ्वीनारायण शाह हुन् ? पारम्परिक र शाहवंशीय संस्कृतिमा गर्व गर्नेहरू र जस्का पुस्ताहरू कुनै न कुनै किसिमले शाहवंशीय शासन संस्कृतिको हिस्सा थिए, उनीहरूको निम्ति यस प्रश्नको उत्तर 'हो'मा हुनु अस्वाभाविक होइन । तर जस्ले शाहवंशीय शासनसँग पटक पटक लडेर वर्तमान गणतन्त्रको स्थापना गरे, उनीहरूका निम्ति पृथ्वीनारायण शाह राष्ट्र निर्माता कसरी हुन् सक्छन् ? के वर्तमान नेपाल पृथ्वीनारायण शाहले युद्धमा जितेर राज्य विस्तार गरेको भौगोलिक र राजनीतिक भूखण्ड हो ? तथ्यहरू यसका विपरीत छन् ।

पहिलो कुरा, पृथ्वीनारायण शाहले नेपाल होइन, गोरखा राज्य विस्तार गरेका थिए । त्यसैले ऐतिहासिक अभिलेखहरूमा उनलाई गोरखाधीश भनिएको छ । त्यतिबेला नेपाल भनेको काठमाडौं उपत्यका नै बुझिन्थ्यो । पछि पछि नेपाल भनिन थालिएको हो । इतिहासको तथ्य हेरे हुन्छ ।

दोस्रो, ब्रिटिश-नेपाल युद्धमा गोरखाली सेनाको पराजयपछि नेपालको सीमा खुम्चिएर हालको अवस्थामा आएको हो । (वस्तुतः नेपाललाई एउटा राष्ट्रको रूपमा सैद्धान्तिकरण निरङ्कुश पञ्चायती व्यवस्थाको संस्थापक राजा महेन्द्रले राज्य आश्रृत विद्वानहरू, साहित्यकार, इतिहासकार र समाजशास्त्री आदि वौद्धिकहरूबाट गर्न लगाएका हुन् । उनीहरूले नै पृथ्वीनारायण शाहलाई आधुनिक नेपालको राष्ट्र निर्माताको रूपमा व्याख्या र विभूषित गरे; होइन भने 'गोरखा रेजिमेन्ट' र 'गोरखा पत्र' हुँदैनथ्यो, 'नेपाल रेजिमेन्ट' र 'नेपाल पत्र' हुने थियो । होइन भने राजा नै भएपनि, एउटा विशिष्ट कालखण्डमा राजा त्रिभुवन आधुनिक नेपालका निर्माता हुन सक्थे । किनभने आधुनिक नेपालको इतिहास २००७ सालदेखि सुरु भएको थियो, जसमा जनता र राजनीतिक दलहरूको भूमिका उल्लेखनीय थियो । पृथ्वीनारायण शाहको नेपाल राणा शासनको अन्त्यसम्म पूर्ण सामन्ती र भारदारी शासनको राज्य थियो ।)

वर्तमान गणतन्त्र नेपाल त झन सर्वथा भिन्न छ । यो, हिमाल, पहाड, मधेश,

*बाँकी ७ पेजमा*

## सामाजिक अपराध तथा हिंसाविरूद्ध एकजुट होऔं

- कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार, विभेदजस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसाविरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसाविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चारमाध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण-द्वेषपूर्ण सामग्रीप्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रम प्रभावकारी बनाऔं ।

**अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# अवस्था फेर्न व्यवस्था फेरौं !

## आम नेपाली जनताको प्रतिनिधित्व गर्ने स्वाधीन संयुक्त जनसरकार र जनसंविधान सुनिश्चित नगरी यथास्थितिमा हुने निर्वाचन बहिष्कार गरौं !!

भाद्र २३ र २४ को जेन जी विद्रोह पछिको नेपालको राजनैतिक स्थितिमा अहिले नयाँ मोड आएको छ। त्यस विद्रोहको मुख्य कारण २०६२ मंसिरमा कांग्रेस, एमाले लगायतका दलहरूका प्रमुख नेतृत्व र तत्कालीन नेकपा (माओवादी)को नेतृत्व बीच दिल्लीमा भएको १२ बुँदे सम्झौताको जगमा स्थापित पुरानो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यसका दलाल तथा नोकरशाही पुँजीपति वर्गका शासकहरू र विदेशी प्रतिक्रियावादीहरूले आम नेपाली जनताका जनजीविका, जनतन्त्र र राष्ट्रियताका समस्याहरू समाधान गर्न नसक्नु हो । कांग्रेस, एमाले र तत्कालीन माओवादीको बहुसंख्यक नेताहरूको दलाल तथा नोकरशाही पूँजीपति वर्गमा वर्ग परिवर्तन हुनु र यसका बहुसंख्यक कार्यकर्ताहरू पनि त्यस वर्गको चाकर तथा अनुयायीहरूमा वर्ग परिवर्तन हुनुले २०६३ देखि २०८२ सम्म सरकार र सत्तामा हालिमुहालि चलाएका यी ३ दल तथा त्यसका प्रमुख नेताहरूका विरुद्ध जन आक्रोश विस्फोट हुनु स्वभाविक थियो । भदौ २३ र २४ को जेनजी विद्रोहले अभिव्यक्त गरेको परिवर्तनको आकांक्षा र नेपाली जनताले लामो समय देखि नयाँ अग्रगामी राजनीतिक व्यवस्थाका निम्ति गर्दै आएको पहलकदमीको आधारमा बहुसंख्यक जनताको हित गर्ने जनपक्षीय राजनीतिक व्यवस्था स्थापना गर्नु जनआकांक्षा हो । जनताको पक्षमा सुशासन, भ्रष्टाचार नियन्त्रण र तीव्र गतिमा आर्थिक क्रान्ति गर्दै स्वदेशमै लाखौ संख्यामा रोजगारी श्रृजना गर्नु आम नेपाली जनताको मुख्य माग हो । केन्द्रीय संयुक्त संघर्ष समिति जनताको यही आकांक्षा पुरा गर्न नयाँ जनपक्षीय र देशभक्तिपूर्ण राष्ट्रिय सहमतिका लागि हार्दिक अपिल गर्दछ । वर्तमान प्रधानमन्त्री र राष्ट्रपति तथा अमेरिकी साम्राज्यवाद र भारीतय प्रतिक्रियावादी शासक वर्गले नेपालमा जेन जी विद्रोहमा अभिव्यक्त जनताका जायज मागहरूलाई अपहरण गरेर दलाल तथा नोकरशाही पुँजीपति वर्ग र साम्राज्यवादको सेवा गर्ने पुरानै जनविरोधी अर्थ राजनैतिक प्रणाली (व्यवस्था) लाई फागुन २१ को चुनाव मार्फत नयाँ रूपमा पुनस्थापना गरी आम नेपाली जनतामाथि नयाँ र पुराना दलाल तथा नोकरशाही पूँजीपतिहरूको शासन लाद्ने षडयन्त्र गरिरहेका छन् । यस षड्यन्त्रलाई असफल पारिएन भने पुरानै जनविरोधी राजनीति र पुरानै जनविरोधी अर्थनीतिले नयाँ रूप रंगमा नेपाली जनतामाथि शासन गर्नेछ र राष्ट्रियता समेत खतरामा पर्ने हुन सक्दछ ।केन्द्रीय संयुक्त संघर्ष समिति र त्यसको समर्थनमा उभिने सबै दल त्यसको घोर भर्त्सना गर्दछौं । दलाल तथा नोकरशाही पूँजीपति, ठूला भगौडा पूँजीपति र विदेशी पूँजीपतिहरूको सेवा गर्ने सरकार, सत्ता, राजनैतिक प्रणाली, अर्थनीति र चुनावी प्रणाली सबै यथावत राखेर यथास्थितिमा गरिने चुनावले देश र जनताका शत्रु वर्ग कै सेवा गर्ने प्रष्ट छ । त्यस्तो चुनावमा न त पुराना शासक संसदीय दलहरूको पूर्ण पराजय सम्भव छ, न त हौवा फैलाइए जस्तो नयाँ दलाल तथा नोकरशाही पूँजीपति वर्गको दल कै दुई तिहाई बहुमत आउने सम्भावना रहन्छ । संसदीय चुनाव लड्न करोडौं खर्च गर्नुपर्ने चुनावी प्रणालीमा गरिब मजदुर, किसान र मध्यम वर्गले बहुमत जित्न असम्भव छ । जनताको पक्षमा लड्ने र जनताको पक्षमा काम गर्ने पार्टीहरूले दुई तिहाई ल्याएर चुनावी माध्यमबाट जनताको पक्षमा संविधान बनाउने र जनताको सरकार बनाउने भन्ने कुरा असम्भव छ ।

यथास्थितिमा गरिने चुनावले पुराना दलाल तथा नोकरशाही पूँजिपति वर्गका 'श्री ३' हरू र त्यसको नेतृत्वमा रहेको दलालहरूको ठाउँमा नयाँ अनुहारका दलाल तथा नोकरशाही पुँजीपति वर्गको सरकार त बन्न सक्छ तर आम नेपाली जनताको वास्तविक प्रतिनिधित्व गर्ने सरकार बन्न असम्भव छ । तसर्थकेन्द्रीय संयुक्त संघर्ष समिति यो आव्हान गर्दछ कि देश र जनताको पक्षमा नयाँ अग्रगामी राष्ट्रिय सहमति कायम गरेर जनताको स्वाधीन संयुक्त जनसरकार र जनसंविधान बनाएर मात्रै जनताको वास्तविक प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाको चुनाव हुन सक्दछ । यो नै सही बाटो र सही विकल्प हो । तसर्थ आगामी फागुन २१ को कथित चुनाव खारेज गरी अग्रगामी न्यूनतम राष्ट्रिय सहमति कायम गर्न संवादको थालनीको लागि अपिल गर्दछौं । यदि सरकारले यस आग्रहलाई अस्वीकार गर्दै यथास्थितिमा चुनाव गराउने तिर लाग्छ भने त्यस्तो जनविरोधी यथास्थितिवादी चुनाव बहिष्कार तथा खारेज गर्न सबै जनसमुदायमा आव्हान गर्दछौं । हामी जोडदार माग गर्दछौं कि जनताको स्वाधीन संयुक्त जनसरकार गठन र जन संविधान सुनिश्चित गर्ने अग्रगामी राष्ट्रिय सहमति कायम नगरी यथास्थितिमा कुनै पनि निर्वाचन नगरियोस् । साथै केन्द्रीय संघर्ष समिति, त्यसमा आबद्ध दल, त्यस नजिकका जन संगठन र वर्गीय संगठन तथा समस्त उत्पीडित नेपाली जनताले उठाएका मागहरू जस्तैः विदेशमा रहेका ५०औं लाख नेपालीको मताधिकार सुनिश्चित नगरी, मजदुर किसान, अर्ध बेरोजगार र बेरोजगारका समस्या समाधान हुने संवैधानिक व्यवस्था नगरी, मिटरब्याज, सहकारी एवं समग्र वित्तीय क्षेत्रबाट पीडित जनताका समस्या समाधान नगरी, सुकुम्बासी एवं प्रकृति पीडितका समस्या समाधान नगरी, आम जनताका लागि निशुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था नगरी, ट्याक्सी, बस, ढुवानी मजदुर एवं व्यवसायीका समस्या समाधान नगरी, राष्ट्रिय औद्योगिकरणको नीति तय नगरी, नेपाली सेना, नेपाल प्रहरी र बहिगर्मित जनमुक्ति सेनाका समस्या समाधान नगरी र समग्रमा देशको राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र समृद्धि सुनिश्चित हुने संवैधानिक व्यवस्था नगरी यथास्थितिमा गरिने चुनावलाई बहिष्कार एवं खारेज गर्नकेन्द्रीय संयुक्त संघर्ष समिति आम नेपाली जनतामा हार्दिक अपिल गर्दछ ।

*केन्द्रीय संयुक्त संघर्ष समिति*
*क्रान्तिकारी क म्युनिस्ट पार्टी नेपाल*
*नेकपा(जनपक्ष)*
*नेकपा(बहुमत)*
*नेकपा*
*वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल*
*समाजवादी कम्युनिस्ट पार्टी, नेपाल*

*२०८२ पुस २५*

# सार्वजनिक अपिल

- भवन निर्माणसम्बन्धी मापदण्डको पालना गरौं, सुरक्षित भवन निर्माण गरौं ।
- समयमै कर शुल्क भुक्तान गरी विकास निर्माणमा सहभागी बनौं ।
- समयमै कर तिर्नु नागरिकको दायित्व मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।
- पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- व्यक्तिगत घटना दर्ता, नागरिकता सिफारिस, अपाङ्ग, असहाय, अशक्त, द्वन्द्वपीडित, दैवीप्रकोप पीडित र ज्येष्ठ नागरिक (दलित हकमा ६० वर्ष र अन्यका हकमा ७० वर्ष) जस्ता सिफारिस निःशुल्क गरिने हुँदा छुटको सुविधा उपयोग गरौं ।
- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्धविच्छेद र बसाईसराईजस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरी आफ्नो कानुनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकको अधिकार हो ।
- आफ्नो घरआँगन, सडक, नाली सफा राखी सभ्य नागरिकको पहिचान दिउँ ।
- टोल समुदायका सबै नागरिकहरू फोहरमैला नगर्नेतर्फ सचेत र सजग बनौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहर तथा ढल बिसर्जन स्थल नबनाऔं ।
- छोरा र छोरीलाई समान व्यवहार गरौं । छोराछोरी दुवैलाई विद्यालय पढ्न पठाऔं ।

**९ नं. वडा कार्यालय**
**काठमाडौं महानगरपालिका**
**बागमती प्रदेश, नेपाल**




**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।